# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

## मिर्चैया नगरपालिका

## सिरहा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ , प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्र वर्द्धनमा टेवा पु र्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्त को खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फ स्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बा बजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोली बाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा,दंगाल**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
**अनामनगर, काठमाडौं, नेपाल**
Anamnagar, Kathmandu, Nepal
**प्रदेशिक लेखापरीक्षण निर्देशनालय , मधेश प्रदेश**


पत्र संख्याः २०७८।७९
च.नं. ४८०

मितिः २०७९।३।२५

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू
मिर्चैया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मिर्चैया,सिरहा ।

**कैफियत सहितको राय**

हामीले मिर्चैया नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७ ७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ७ करोड ७४ लाख ७३ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्रमाण पेश हुन आएको छैन । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू २ करोड १८ लाख ६२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू २ करोड ९९ लाख ८२ हजार, नियमित गर्नुपर्ने रू १ करोड ६४ लाख र पेश्की रू ९२ लाख २९ हजार रहेको छ ।नगरपालिकाको गतवर्ष सम्मको रु ३२ करोड २५ लाख ८७ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ४० करोड ६० हजार रहेको छ ।नगरपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान , लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदमराज पौडेल)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

मिर्चैया नगरपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७६ | ५६ | ७७४७३ | ० | ० | ० | ७६ | ५६ | ७७४७३ | २१८६२ | १६४०० | २९९८२ | ० | ० | ४६३८२ | ९२२९ |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिरहा | ३२२५८७ | ० | ० | ३२२५८७ | ० | ७७४७३ | ४०००६० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मिर्चैया नगरपालिका, सिराहा , सिरहा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | डम्बर ध्वज आङदेम्बे | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शेखर पराजुली | २०७६-११-१ | |
| | | **बेरुजु रकम** | ७७,४७३,९२० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३४,३३,६७,७१३.९७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३९,९८,३१,२७० | चालु खर्च | १६,९२,३९,८७७.७९ |
| प्रदेश सरकारबाट अनुदान | २,०५,५५,००० | पूँजीगत खर्च | २४,११,५९,४२१.२१ |
| राजश्व बाँडफाँट | १०,२३,५०,६६५ | वित्तीय/अन्य व्यवस्था | २९,८०,३०,१९१ |
| आन्तरिक आय | २,९९,८२,०३८ | | |
| अन्य आय | १३,२५,६८,५१७ | | |
| कुल आय | ६८,५२,८७,४९० | कुल खर्च | ७०,८४,२९,४९० |
| बाँकी मौज्दात | | ३२,०२,२६,०२९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यो नगरपालिकाको स्थापना २071 साल वैशाख २५ मा भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु कर्जन्हा नगरपालिकाको उद्देश्य रहेको छ । प्रदेश नं. २ मा अबस्थित यो नगरपालिकामा १२ वडा, 65 सभा सदस्य, 76.83 वर्ग किलोमिटर क्षेत्रफल तथा 40 हजार जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तीय विवरण**<br>यो नगरपालिकाको आर्थिक बर्ष २०७७।७८ को आय ब्यय विवरण देहाय अनुसार रहेको छ । | |

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.न. | विवरण | रकम | रकम | सि.न. | विवरण | रकम | रकम |
| 1 | **गत वर्षकोजिम्मेवारी** | | | 1 | **चालुखर्च** | | **355491812.99** |
| | पुँजीगत खर्च खाता | 58014517.28 | **343367713.97** | | नगरपालिकाचालु | 165111714.69 | |
| | चालु खर्च खाता | 13231338.32 | | | नगरपालिकाशिक्षा | 2327611.00 | |
| | बाँडफाँडबाट प्राप्त राजस्व खाता | 30398220.94 | | | नगरपालिका स्वास्थ्य | 7063157.80 | |
| | संचित कोष खाता | 236929275.20 | | | नगरपालिकाकृषि | 3329778.00 | |
| | प्रकोप व्यवस्थापन कोष खाता | 4004689.25 | | | संघीय सर्शत चालु | 169901551.50 | |
| | धरौटी मौज्दात | 789673.00 | | | प्रधानमन्त्री रोजगारकार्यक्रम | 7758000.00 | |
| 2 | **आन्तरिक आय** | | **132332703.00** | 2 | **पुँजीगतखर्च** | | **241159421.21** |
| | आन्तरिक राजस्व | 29982038.00 | | | सिरहा नगर कार्यपालिका | 210185153.11 | |
| | राजस्व बाँडफाँड (संघ ) | 102350665.00 | | | संघीय सशर्त | 26874268.10 | |
| 3 | **संघीयवित्तीय हस्तान्तरण** | | **399831270.00** | | तराइ मधेश समृद्धि कार्यक्रम | 2200000.00 | |
| | वित्तीय समानिकरण अनुदान | 139300000.00 | | | प्रदेश शसर्त | 1900000.00 | |
| | सशर्त अनुदान, विषेशअनुदान र समपुरक अनुदान | 260531270.00 | | 3 | **विषयगतखर्च रकम** | | **114222517.00** |
| 4 | **प्रदेशसरकारबाट प्राप्त अनुदान** | | **20555000.00** | | सामाजिक सुरक्षा | 111036000.00 | |
| | वित्तीय समानिकरण अनुदान | 7555000.00 | | | महामारी रोग नियन्त्रणकार्यक्रम | 370000.00 | |
| | सशर्त अनुदान, विषेश अनुदान र समपुरक अनुदान | 13000000.00 | | | स्थानीय पूर्वाधार विकाससाझेदारी कार्यक्रम | 2816517.00 | |
| 5 | **विषयगतनिकासा रकम** | | **132568517.00** | 4 | **धरौटीफिर्ता** | 3345855.00 | 3345855.00 |
| | सामाजिक सुरक्षा | 111036000.00 | | 5 | **धरौटी बाकी** | 2853119.13 | 2853119.13 |
| | महामारी रोग नियन्त्रण कार्यक्रम | 400000.00 | | | **विभिन्नकोष खर्च** | | |
| | स्थानीय पूर्वाधार विकाससाझेदारी कार्यक्रम | 2816517.00 | | 6 | प्रकोप व्यवस्थापन कोष खाता | 9372423.80 | 9372423.80 |
| 6 | तराइ मधेश समृद्धि कार्यक्रम | 2200000.00 | | 7 | **बांकीमौज्दात** | | 320226029.00 |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | 9971000.00 | | | संतिच कोष खाता | 112440300.00 | |
| | जि.स.स. मौज्दात | 3150000.00 | | | पुँजीगत खाता | 28327080.00 | |
| | सडक वोर्ड नेपाल | 2995000.00 | | | चालु खाता | 7369721.00 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 7 | **धरौटी प्राप्ति** | 6198974.16 | 6198974.16 | | राजश्व बाँडफाँड खाता | 102350665.00 | | |
| 8 | **विभिन्नकोष आम्दानी** | | 11817000.00 | | आन्तरिक आय खाता | 36490618.00 | | |
| | प्रकोप व्यवस्थापन कोष खाता | 11817000.00 | | | विविध खर्च खाता | 29982038.00 | | |
| | | | | | प्रकोप व्यवस्थापन कोष खाता | 3265607.00 | | |
| | **जम्मा** | | **1046671178.13** | | **जम्मा** | | **1046671178.13** | |

३

**वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । यो नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको नेप्सास बेस्ड (NPSAS based) ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । नगरपालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छ । • आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षकको पूर्ण अवलम्बन नगरेको, • नेप्सास बेस्ड (NPSAS based) ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन तयार नगरेको । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन र प्रतिवेदन गर्नुपर्दछ ।

४

**सेवा प्रवाह**

सुशासन ऐन २०६४ र नियमावली २०६५ अनुसार सेवा प्रवाह प्रभावकारी बनाउनुपर्ने व्यवस्था छ ।नगरपालिकामा यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन ।नगरपालिकाले यी व्यहोरालाई समेत ध्यान दिई उपयुक्त तरिका, बिधि अपनाई सेवाग्राही मैत्री सेवाप्रवाह गर्नुपर्दछ । □ कार्यालयको दरबन्दी ५६ रहेकोमा 33 पदपूर्ति भई नियमानुसार 24 को पदपूर्ति गर्नुपर्ने, □ हेल्पडेस्क नरहेको, टोकन प्रणाली लागू नगरेको, □ घरजग्गाको लगत नरहेको, □ नगरपालिका भित्र रहेका साविक देखिका कृषि, पशु, स्वास्थ्य, गाउँ विकास समिति, विद्यालयका भवन, सामुदायिक भवन लगायतका संरचनाको अधिकतम उपयोग हुने गरी सेवा प्रवाहमा आवद्ध गर्नुपर्ने, □ नगरपालिकाको प्रशासकीय भवन निर्माण नगरेको, □ यो वर्ष कार्यपालिकाको बैठकबाट पारित भएका विषयको कार्यान्वयन अवस्थाको अनुगमन, मूल्यांकन भएको देखिएन । □ नगरपालिकामा नागरिक वडापत्र नराखेको । □ स्वास्थ्य संस्था नियमन नगरेको तथा ×घ" बर्गको इजाजतपत्रको अभिलेख नराखेको। □ सार्बजनिक सुनुवाई कार्यक्रम संचालन नगरेको । □ नगरपालिकाले कालोपत्रे सडक निर्माण लगायतका प्रतिस्पर्धाबाट गर्न सकिने काम समेत उपभोक्ता समितिबाट गराएको । □ कोभिड लगायतका प्रकोपजन्य विपदको पूर्व तयारीमा थप ध्यान दिनुपर्ने ।

५

**जिम्मेवारी फरक परेको**

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु 161483000।00 मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु 343367713।97 जिम्मेवारी सारेको देखियो। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु 181884713।97 बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ । | |
| ६ | | | **श्रेस्ता र बैक मौज्दात विवरण**<br>– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन । दुवै खातामा उल्लेखनीय रकम फरक परेको देखिएन । नियममा भएको व्यवस्था अनुसार बैंक हिसाव मिलान विवरण तयार गर्नुपर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी |
|---|---|---|---|
| 1. | मूलसंचित कोष | 112440300.00 | 112440300.00 |
| 2. | चालु खर्चखाता | 7369721.00 | 7369721.00 |
| 3. | पुँजीगत खर्चखाता | 28327080.00 | 28327080.00 |
| 4. | धरौटी खर्चखाता | 2853119.16 | 2853119.16 |
| 5. | विपदव्यबस्थापन कोष खाता | 3265607.00 | 3265607.45 |
| 6. | आन्तरिक राजस्वखाता | 36490618.36 | 36490618.36 |
| 7. | बाँडफाँड प्राप्तराजस्व खाता | 102350665.74 | 102350665.74 |
| 8. | बिबिधखर्च खाता | 29982038.79 | 29982038.79 |
| **जम्मा** | | **323079150.05** | **323079150.50** |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>आन्तरिक नियन्त्रण प्रणाली : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाइएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाइएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा नगरेको । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा नगरपालिकाले उक्त समिति गठन गरेको पाइएन । • प्रदेश तथा संघीय कार्यालय तथा मातहतबाट भए गरेका काममा पर्याप्त समन्वय गर्नुपर्ने, • मसलन्द सामग्री पटक पटक खरिद नगरी एकमुष्ठ प्रतिस्पर्धाबाट खरिद गर्नुपर्ने । • नगरसभाको निर्णय प्रमाणित गर्नुपर्ने । • ग्रेडर तथा एक्जाभेटर १।१ थान रहेकोमा चालक नभएकोले संचालन नगरेको । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्नेमा तोकेको पाइएन। • ७० वर्ष नाघेका २ महिला स्वंयमसेविकाको उचित व्यवस्थापन गर्नुपर्ने, • सम्पादित कामको तोकिए अनुसारको गुणस्तर सुनिश्चित गर्नुपर्ने, • सभाले पारित गरेका सवै निर्णय कार्यान्वयन भए नभएको सुनिश्चित गर्नुपर्ने । • सेवाप्रवाहमा टोकन प्रणाली लागू नगरेको, बरबुझारथलाई प्रभावकारी बनाउनुपर्ने, • नगरपालिका भित्र रहेका सरकारी, सामुदायिक भवनको पूर्ण र महत्तम उपयोग नगरेको, • सम्पन्न भएका कामको सम्बन्धित वडा तथा सरोकारवालाको पुष्ट्याई राख्नुपर्ने । • योजना संचालन पूर्ब वातावरणीय पक्षको मूल्यांकन विश्लेषण नगरेको, • कृषि तथा पशुपालन क्षेत्रको योजना तयार नगरेको, • लैगिंक उत्तरदायी वजेटलाई कार्यान्वयनमा नल्याएको, • दीगो विकासको लक्ष्यलाई स्थानीयकरण गर्नुपर्ने, • नगर उप-प्रमुखको संयोजकत्वमा हुने योजनाको अनुगमनमा ५ सदस्य मध्ये २ सदस्यको मात्र हस्ताक्षर गरेको । • घरनक्सा दर्ता, स्वीकृतिको अभिलेख व्यवस्थित गर्नुपर्ने । • खरिद भएका सामान तथा सेवाको गुणस्तर परीक्षण गर्नुपर्ने । • स्वास्थ्य संस्थामा नियमन नगरेको, भू-उपयोग योजना तयार नगरेको, • वार्षिक रुपमा संकलित आय र दाखिला गरेको एकीकृत विवरण तयार नगरेको, • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार नगरेको । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। • गरिबी निवारण सम्बन्धी कार्यक्रम संचालन नगरेको, भू-उपयोग योजना तयार नगरेको, • नगरपालिका भित्रका महाशाखा, शाखा बीच समन्वय गरी कार्यक्रम संचालन गर्नुपर्ने, • भवन लगायतका संरचानको नक्सा पास र निर्माण सम्पन्न गर्ने कार्यलाई अभियानका रुपमा संचालन गरी व्यवस्थित अभिलेख तयार गर्नुपर्ने । • सम्पादित कामको गुणस्तर परीक्षण गरेको सुनिश्चित नगरेको । • राजश्व असुली र दाखिलाको व्यवस्थित र अद्यावधिक अभिलेख नराखेको । • नगरपालिका तथा वडा कार्यालयमा नागरिक वडापत्र नराखेको । • नगरपालिकाले आफ्नो संस्थागत क्षमताको स्वमूल्यांकन गरी सुधारलाई निरन्तरता दिनुपर्ने । • फोहोरमैला व्यवस्थापन गर्ने निर्देशिका नबनेको तथा योजना एवं कार्ययोजना नबनाएको । • अनुगमन, मूल्यांकन तथा सार्बजनिक सुनुवाई सम्बन्धी छुट्टै कार्यविधि तयार नगरेको । • लेखा समिति, बिधायन समिति, सुशासन समिति लगायतका समिति गठन नगरेको । • ई- हाजिरी नरहेको । • फोहोर ब्यवस्थापनका लागि डम्पिङ साइटको व्यवस्था नगरेको, • ईट्टा उद्योग | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लगायतबाट आय संकलन नगरेको । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यो वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न संझौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मूल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टिडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाइएन । • निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम समेतबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा नगरपालिकाले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको । • नगरपालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । • राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • रु. १० लाख भन्दा वढीको निर्माण कार्य गराउँदा बीमा गराउनुपर्नेमा नगराएको, • दीगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन । • नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन । • कुनै रकमको भुक्तानी दिँदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद, विल भरपाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । • ठेक्काहरुको विस्तृत एकीकृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • ठेक्का तथा प्रतिसपर्धाबाट काम गराउन जोड दिनुपर्ने । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाइएन । • फोहोरमैला व्यवस्थापन गर्न निर्देशिका नबनाएको, सार्बजजिक सुनुवाई नगरेको । • अनुगमन, मूल्यांकन तथा सार्बजनिक सुनुवाई सम्बन्धी छुट्टै कार्यविधि तयार नगरेको, • नगरपालिका भित्र रहेका पोखरीको लगत अद्यावधिक गरेको छैन । तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **चौमासिक पुँजीगत खर्च** | |

चौमासिक पुँजीगत खर्च - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पुँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| 1. | आवासीय भवन | 15479566.00 | 0.00 | 0.00 | 15479566.00 | 15479566.00 |
| 2. | गैर आवासिय भवनन | 875230.00 | 0.00 | 0.00 | 875230.00 | 875230.00 |
| 3. | सवारी साधन | 2450929.00 | 0.00 | 2450929.00 | 0.00 | 2450929.00 |
| 4. | मेशिनरी औजार | 3732431.00 | 0.00 | 0.00 | 3732413.00 | 3732413.00 |
| 5. | सडक तथा पुल | 83843574.00 | 0.00 | 8674475.00 | 75169089.00 | 60608742.00 |
| 6. | खानेपानी संरचना | 500000.00 | 0.00 | 0.00 | 500000.00 | 500000.00 |
| 7. | सरसफाइ संरचना | 2340200.00 | 0.00 | 0.00 | 2340200.00 | 2040200.00 |
| 8. | अन्य सार्वजनिक निर्माण | 131203633.00 | 61561.00 | 26970298.00 | 104171769.00 | 85928264.00 |
| 9. | पुँजीगत सुधार | 350000.00 | 0.00 | 0.00 | 350000.00 | 350000.00 |
| 10. | विद्युतीय संरचना | 1500000.00 | 0.00 | 1500000.00 | 0.00 | 0.00 |
| 11. | **कूल खर्च** | **242275563.00** | **61561.00** | **39595702.00** | **202618267.00** | **171965344.00** |
| | **खर्च प्रतिशत** | | **0.025** | **16.34** | **83.64** | **70.09** |

९

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगतरुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।तोकिए बमोजिम खर्च गरी अधिकतम उपलब्धि हासिल गर्नुपर्दछ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कूल खर्च %** |
|---|---|---|---|
| आर्थिक विकास | 53700000.00 | 24473848.91 | 45.58 |
| सामाजिक क्षेत्र | 311506000.00 | 189473714.53 | 60.83 |
| पूर्वाधार विकास क्षेत्र | 278527000.00 | 192832651.75 | 69.23 |
| वित्तीय व्यवस्थापन र सुशासन | 8100000.00 | 3449165.00 | 42.58 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 254067680.00 | 201408622.45 | 79.27 |
| **जम्मा** | **905900680.00** | **611638002.64** | **67.51** |

१०

**अबण्डा बजेट**

– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो बर्ष रु. 4 करोड 82 लाख 50 हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णयले खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

११

**बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री जिवछी देवी साहले २०७७।३।१० मा २६५ योजना तथा कार्यक्रमको समेतका लागि रु. 66 करोड 30 लाख 48 हजारको बजेट सभा समक्ष पेश

| | | | | |
|---|---|---|---|---|
| | | | गरेकोमा २०७७।३।12 मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । पर्याप्त तयारी गरी वजेट पारित गर्नुपर्दछ । | |
| १२ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यसबर्ष कूल आन्तरिक आयबाट रु 29982038।00 राजस्व बाँडफाँड र अनुदानबाट रु 655305452।00 समेत रु 955187490।00 आम्दानी भएकोमा चालु तर्फ रु 366527812।99- र पुँजीगत तर्फ रु 241811038।21- र बित्तिय ब्यबस्था तर्फ रु 0।00 समेत रु 608338851।20 खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 4.92 प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.31053205।00 खर्च भएको छ जुन आन्तरिक आयको 103।57 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 38.37 प्रतिशत चालु र 25.31 प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गर्न नगरपालिकाले ध्यान दिनुपर्दछ । | |
| १३ | | | **एकीकृत नापी किताब**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 को नियम १४१ मा नापी किताबको एकीकृत अभिलेख राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले प्रत्येक रनिङ्ग विलको समेत काम देखिने गरी नापी किताव राख्नुपर्नेमा रनिङ्ग विल अनुसारको मात्र राखेकोले सो संरचना निर्माण/मर्मत कार्यको दोहोरोपन भए नभएको एकीन तथा भिडान गर्नसक्ने अवस्था देखिएन। यस्तो अभिलेख एकीकृत गर्नुपर्दछ। | |
| १४ | | | **ठेक्का र प्रतिस्पर्धा ,पूर्वनिर्धारित क्षतिपूर्ति** | |
| १४.१ | | | सार्बजनिक खर्चमा मितब्ययिता तथा प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन २०७५ ले सार्बजनिक खर्चलाई किफायती गर्नुपर्ने व्यवस्था गरेको छ ।नगरपालिकाले देहाय अनुसार यो बर्ष गरेको सडक निर्माण (कालोपत्रे गर्ने) कार्यको इविडिङमा लागत अनुमान भन्दा 38% को हाराहारी घटीमा निर्माण व्यवसायीले ठेक्का सकार गरेको पाइयो ।सडक तथा भवन निर्माण कार्यको लागत अनुमान थप यथार्थपरक बनाउनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><th>ठेक्काको नाम (2077।७८) र नं.</th><th>निर्माण व्यवसायी</th><th>लागत अनुमान रु.</th><th>संझौता अङ्क</th><th>लागत अनुमानको तुलनामा घटी %</th></tr><tr><td>राजकुमारको घरदेखि वडा नं. १ आरसिसि ढलान ठेक्का नं. ५</td><td>नारायण कन्स्ट्रक्सन</td><td>1992314.56</td><td>1343616.94</td><td>32.56</td></tr><tr><td>हेल्थकेयर सेन्टर बार्ड निर्माण ठेक्का नं. १</td><td>गायत्री माः कन्स्ट्रक्सन</td><td>9714533.65</td><td>6016774.69</td><td>38.06</td></tr><tr><td></td><td>जम्मा</td><td>11706848.21</td><td>7360391.63</td><td>37.12</td></tr></table> | |
| १४.२ | | | ठेक्काबाट काम गराउँदा लागत अनुमानको करिब 38% कममा निर्माण व्यवसायी काम गर्न तत्पर भएका छन । नगरपालिकाले प्रतिस्पर्धाबाट निर्माण कार्य गराउन जोड दिनुपर्दछ । | |
| १४.३ | | | पूर्वनिर्धारित क्षतिपूर्ति: सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा संझौता अनुसारको समयमा काम सम्पन्न नभएमा अधिकतम संझौता अंकको १०% नबढ्ने गरी दैनिक संझौता रकमको 0.05% पूर्वनिधारित क्षतिपूर्ति असुल गरी तोकिएको काम सम्पन्न गराउनुपर्ने व्यवस्था छ । नगरपालिकाले माथि उल्लिखित मध्ये गायत्री माः कन्स्ट्रक्सनसँग 2078।२।३० भित्र हेल्थकेयर सेन्टर बार्ड निर्माण कार्य सम्पन्न गर्ने गरी 2077।११।२० संझौता गरेको छ ।लेखापरीक्षण अवधि 2078।६।२३ सम्म १२० दिन ढिला हुंदा पनि कार्य सम्पन्न भएको देखिएन । समयमा ठेक्का सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई संझौता अंकको १२० दिनको 0.05% का दरले हुने रु. 361007।०० पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी तोकिएको काम सम्पन्न गर्नुपर्ने रु.... | ३६१,००७ |
| १५ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो | |

<table>
<tr><td></td><td></td><td></td><td>मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धि नहुंने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन ।<br>
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>5</td><td>278000</td></tr>
<tr><td>२</td><td>रु एक लाख एकदेखि पाँच लाखसम्मका योजना</td><td>122</td><td>4091100</td></tr>
<tr><td>३</td><td>रु ५ लाखदेखि १० लाखसम्मका योजना</td><td>30</td><td>20862000</td></tr>
<tr><td>४</td><td>दश लाख एकदेखि ५० लाखसम्मका योजना</td><td>43</td><td>102870000</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथिको योजना</td><td>2</td><td>43047000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>202</td><td>171148100</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>अमानतबाट कार्य<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम 98 मा अमानतबाट कार्य गराउँदा एकता माथिको स्वीकृति लिनुपर्ने ब्यवस्था छ । नगरपालिकाले विभिन्न रु १ लाख भन्दा कमका ५ योजनामा निर्माण कार्य गराई रु. 278000।00 खर्च लेखेको छ। यस्तो कार्यलाई उपलब्धिमूलक बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>मूअकर वीजक (186।०७८।३।१६)<br>
• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ अनुसार मूअकर बीजक जारी गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले उषा इन्टरप्राइजेजबाट १ थान फोर डव्लुडि बोलेरो एम्बुलेन्स रु. 1201000।०० मा १२० दिन भित्र उपलव्ध गराउने गरी 2077।११।४ मा संझौता भएको छ । नगरपालिकाले उषा इन्टरप्राइजेजको बीजक बेगर अन्य फर्मका बीजकको आधारमा रु. 1352229।29 खर्च लेखेको छ । यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन ।<br>
• प्राप्त एम्बुलेन्स स्पेसिफिकेसन भए नभएको परीक्षण गरेको पाइएन । तोकिएको गुणस्तर र स्पेसिफिकेसन अनुसार एम्बुलेन्स प्राप्त भए नभएको एकीन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>मुअकर प्रमाण प्राप्त</td><td>१,२०१,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>उषा इन्टरप्राइजेजको मूअकर बीजक प्राप्त गर्नुपर्ने रु....</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>असुल उपर गर्नुपर्ने<br>एम्बुलेन्स नै प्राप्त गर्ने गरी संझौता गरेपछि थप खर्च रु. 151229।29 उपलव्ध गराउनु उपयुक्त देखिएन । उक्त रकम असुल गर्नुपर्ने रु....</td><td>१५१,२२९.२९</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>अव्यवस्थित ह्युमपाइप<ul><li>तेस्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजनाको ८५% र नगरपालिकाको १५% साझेदारीमा संचालित ढल तथा सडक विस्तारको काम २८ जुन 2021 भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी विकोई योगी जेभीसँग रु. 3536२५६०५।७९ मा संझौता भएको छ । नगरपालिकाले यो वर्ष ५ विलबाट रु. 28211122।85 खर्च लेखेको छ ।यस सम्बन्धमा देखिएका थप व्यहोराहरु देहाय अनुसार छन । यी व्यहोराको शीघ्र कार्यान्वयन हुनुपर्दछ ।</li><li>यस कार्यक्रमबाट सम्पादित कामको लक्ष्य प्रगति नगरपालिकामा रहेको देखिएन ।</li><li>पूर्व पश्चिम राजमार्गको मिर्चैया खण्डमा करिब 250 थान (१६००$) ह्युमपाइप बिगत डेढवर्षदेखि यलपत्र अवस्थामा राखेकोले ट्राफिक समस्या भैराखेको पाइयो ।</li></ul></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>क्षतिपूर्ति असुल<br>ठेक्का म्याद समाप्त भैसकेकोले नियमानुसार १०% पूर्व निर्धारित क्षतिपूर्ति समेत असुल गरी यथाशीघ्र ह्युमपाइप व्यवस्थित गर्नुपर्ने रु..</td><td>५,३०४,३८४</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>संघीय इकाइमा खर्च<br>संघीय इकाइमा वजेट खर्च हुने गरी रकम उपलव्ध गराउने व्यवस्था देखिदैन ।नगरपालिकाले देहाय अनुसारका ३ कार्यालयलाई रु. 161000।०० उपलव्ध गराएको पाइयो । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ । रु...<br><table><tr><th>क्र.सं.</th><th>कार्यालयको नाम</th><th>प्रयोजन</th><th>खर्च रु.</th></tr><tr><td>1.</td><td>जिल्ला प्रशासन कार्यालय, सिरहा</td><td>प्रिन्टर, स्क्यानर १।१ थान</td><td>60000.00</td></tr><tr><td>2.</td><td>जिल्ला सरकारी वकिल कार्यालय, सिरहा</td><td>प्रिन्टर, स्क्यानर २ थान</td><td>46000.00</td></tr><tr><td>3.</td><td>जिल्ला प्रहरी कार्यालय, सिरहा</td><td>कम्प्युटर</td><td>55000.00</td></tr><tr><td></td><td></td><td></td><td>161000.00</td></tr></table></td><td>१६१,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २३ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । नगरपालिकाले सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानूनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २४ | | | **करको दायरामा ल्याउनु पर्ने**<br>वजेट अनुमानमा समावेश भएको आन्तरिक आयको अनुमानको तुलनामा गतवर्ष नै 110.18% ले वृद्धि भएकोमा समेत यो वर्ष अनुमानलाई यथावत राखेकोमा असुलीमा 187.83% ले वृद्धि भएको छ । यसले गर्दा अनुमान यथार्थपरक नभएको देखाउँदछ । नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुंझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्नसक्ने अवस्था देखिएन ।नगरपालिकाले आन्तरिक आय वढाउन व्यवसाय दर्ता अभियान, वडा वडामा आय संकलन अभियान संचालन गर्नुपर्दछ । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ । | |
| २५ | | | **स्थानीय पूर्वाधार विकास कार्यक्रम**<br>1. यस कार्यक्रम अन्तर्गत देहायका २ योजना संचालन गरी रु. 2897100।०० खर्च गरेको छ । यस सम्बन्धमा देहायका ब्यहोरा देखिएका छन ।<br>2. (३।०७८।३।२५) : वडा नं. ८ मा सामुदायिक भवन निर्माणका लागि रु. 1797100।०० खर्च गरी करिब ८०% काम सम्पन्न भएको नगरपालिकाले जनाएको छ । प्लाष्टर, सेनटरी, विद्युतीकरण तथा झ्याल ढोका राख्ने काम सम्पन्न गरी भवनको उपयोग गर्नुपर्दछ ।<br>3. (१।०७८।३।20) : वडा नं. ६ मा अधूरो सुडी समाज भवनमा रु. 1056637।०० खर्च गरी १००% कार्य सम्पन्न भएको छ । सम्पन्न भवनको उपयोग गर्नुपर्दछ । | |
| २६ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नगरपालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदका लागि विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदान उपलव्ध गराएको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| २७ | | | **नियमानुसार दाखिला**<br>नगरपालिका अन्तर्गतका वडाहरुले संकलन गरेको देहाय अनुसारको आय रु. 26750।०० समयमा दाखिला गरेको पाइएन । नियमानुसार सुद सहित दाखिला गर्नुपर्ने रु... | २६,७५० |
| २८ | | | **रकम ढिला दाखिला गर्ने**<br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिका अन्तर्गतका वडाहरु मध्ये थोरैले मासिक रुपमा र केहीले २, ३ महिना पछि समेत दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ । | |
| २९ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| ३० | | | **कार्यसम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम १२३ मा प्राविधिक मूल्यांकन गरी नियम १२५ बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले देहायअनुसार खरिद गरेका पुँजीगत प्रकृतिका सामान जडान/उपयोग भई संचालनमा रहे नरहेको खुलाएको पाइएन । खरिद भएका सामान उपयोग भएको देखिने कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने रु.... | १,२७४,००० |

| वडा नं. | प्रयोजन | वजेट रु. | खर्च रु. |
|---|---|---|---|
| ११ | कृषि सडक निर्माणको ह्युमपाइप खरिद | 700000.00 | 690000.00 |
| १२ | ह्युमपाइप खरिद | 300000.00 | 285000.00 |
| 10 | ह्युमपाइप खरिद | 300000.00 | 299000.00 |
| | जम्मा | 1300000.00 | 1274000.00 |

| | | | | |
|---|---|---|---|---|
| ३१ | | | **समिति गठन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि ३ वटा बैठक बसी वडा स्तरीय जनचेतना कार्यक्रम, स्थानीय एफ.एम. बाट दैनिक प्रचार प्रसार जस्ता आगलागी सम्बन्धी पूर्व तयारीको कार्य बाहेक अन्य उपलव्धिमूलक कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ३२ | | | **प्रतिवेदन तयार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानूनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वयन नगर्ने व्यवस्था छ । नगरपालिकाले यस सम्बन्धमा गरेको कार्यको अभिलेख एकीकृत गरेको छैन । यस सम्बन्धमा भए गरेका कार्यको प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| ३३ | | | **कर्मचारी करार**<br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु 5981133।00 खर्च लेखेको छ । यस्तो खर्चलाई आन्तरिक आयसँग आवद्ध गर्नुपर्दछ | |

| | | | | |
|---|---|---|---|---|
| ३४ | | | **आन्तरिक लेखापरीक्षण**<br>- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७।७८ को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३५ | | | **पदाधिकारी सुविधा**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७7 को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ। जसअनुसार प्रदेश नं.2 सरकारले प्रथम २०७७ असार 31 मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ। कार्यालयले 2076 कार्तिक देखि 2077 असार सम्मको पदाधिकारीको मासिक सेवा सुविधामा निम्नानुसार रु 31053205।00 खर्च लेखेको देखिन्छ । | |
| ३६ | | | **कानूनी सल्लाहकार**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगरपालिकाले कानूनी सल्लाहकार करारमा नियुक्त गरी श्री जय कुमार गोइतलाई नियुक्त गरी मासिक रु 18000।00 का दरले जम्मा रु 301600।00 भुक्तानी गरेको छ । कानूनी सल्लाहकारले वर्ष भरिमा गरेको कामको प्रगति विवरण पेश भएको छैन । कानूनी सल्लाहकारमा भएको यस्तो खर्च नियमित नदेखिएको रु. | ३०१,६०० |
| ३७ | | | **तलवी प्रतिवेदन**<br>कार्यालयले नगरपालिकाको कर्मचारीलाइ तलव भत्ता भुक्तानी गर्दा अनिवार्य रुपमा प्रत्येक वर्षको तलवी प्रतिवेदन पारीत गराइ मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था निजामती सेवा ऐन, २०४९ मा छ। कार्यालयले यस आर्थिक बर्षको रु. 24775372।80 तलव भत्ता भुक्तानी गर्दा तलवी प्रतिवेदन पारित नगराएकोले भुक्तानी भएको तलव तथा ग्रेड भिडान गर्न सकिएन । कार्यालयले अनिवार्य रुपमा तलवी प्रतिवेदन पारित गराइ मात्र तलव भत्ता खर्च लेख्नुपर्दछ । | |
| ३८ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु 12133291।15 खर्च गरेको छ ।यस्तो खर्च गर्दा कुन प्रयोजनको लागी खर्च भएको हो प्रष्ट खुलाइ प्रमाण राख्नुपर्नेमा विलमात्र संलग्न गरी खर्च गरेको छ । यस्तो खर्चलाइ यथार्थपरक बनाइ मितव्ययिता कायम गर्नु पर्दछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | | | **इन्धन खर्च**<br>इन्धन खर्च : सरकारी खर्चमा प्रभावकारिता तथा मितव्ययिता कायम गर्ने नीतिगत मार्गदर्शन 2075 अनुसार सरकारी खर्चलाई किफायती गर्ने तरिका सुझाएको छ ।नगरपालिकाले यो वर्ष कार्यालय प्रयोजनमा रु 4013223।00 र पदाधिकारी इन्धन सुविधामा रु 1654021।70 गरि जम्मा रु. 5667244।70 खर्च लेखेको छ । नगरपालिकाले इन्धन खर्च गर्दा के, कति गाडीमा कतिका दरले इन्धन खर्च भएको कुनै व्यवस्थित अभिलेख तथा दगबुक राखेको पाइएन। व्यवस्थित ढंगले कुपन तथा लगबुकको प्रयोग गरी आन्तरिक आयलाई मध्यनजर गर्दै यस्ता खर्चमा मितव्ययिता अपनाउनुपर्दछ। | |
| ४० | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष रु 508000।00 आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ४१ | | | **विविध कार्यक्रम खर्च**<br>सरकारी खर्चमा प्रभावकारिता तथा मितव्ययिता कायम गर्ने मार्गदर्शन, 2075 अनुसार सरकारी खर्चलाई किफायती गर्ने तरिका सुझाएको छ । कार्यालयले विभिन्न खेलकुद कार्यक्रम, सिपमुलक तालिम, तथा जेष्ठ नागरीक सम्मान कार्यक्रम गरे वापत रु 4390387।00 खर्च गरेको छ । कार्यक्रम गर्दा खेलकुद कार्यक्रमहरुमा सामान मात्र खरिद गरेको देखिएको उक्त कार्यक्रम के कहा भएको नखुलेको । कुनै पनि कार्यक्रम गर्दा फोटो सहितको कार्यालयलाइ प्रतिफल दिने कार्यक्रम नेपाल सरकारले तोकेको नर्मस् अनुसार गर्न कार्यालयले ध्यान दिनुपर्दछ | |
| ४२ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु 1818500।00 खर्च लेखेका छ । तर पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| गो.भौ.न. | विवरण | खरिद गरेको फर्म | रकम |
|---|---|---|---|
| 23-2077/9/12 | गहुँ विउ वितरण 4300 के.जि.ञ | शिव शक्ति कर्षि सहकारी संस्था लि. | 301000.00 |
| 4-2077/10/7 | गहुँ विउ वितरण | योगेन्द्र मरिक यादवलार्इ पेश्की दिर्इ सोझै खरिद | 600000.00 |
| 5-2077/10/7 | हाइव्रिड जातको तरकारी विउ वितरण | सुवोध लाल साहलार्इ पेश्की दिर्इ सोझै खरिद | 917500.00 |
| जम्मा | | | 1818500.00 |

४३

**अनुत्पादक तथा वितरणमुखी खर्च**

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु 619044।50 खर्च गरेको देखिन्छ । यसप्रकारका खर्चमा मितव्ययिता कायम गरी नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| 1 | न्यू शुभकामना बस्त्रालय | कम्वल खरिद | 299450.00 |
| 2 | न्यू शुभकामना बस्त्रालय | रेनकोट र व्याग खरिद | 319594.50 |
| | **जम्मा** | | 619044.50 |

४४

**मूल्य अभिवृद्धि कर कट्टि**

२२९,५५८.२

आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. 229558।20 कट्टि गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको मूल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

<table>
<tr><td>४५</td><td></td><td></td><td>जटिलसंरचना निर्माण<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले कालोपत्रे सडक निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराएको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार छन ।<br>
<table>
<tr><th>सि.नं.</th><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>1.</td><td>पराडीदेखि सिक्रोन जाने सडक कालोपत्रे कार्य उ.स.</td><td>4998600.00</td></tr>
<tr><td>2.</td><td>मिर्चौयादेखि कल्याणपुर जाने सडक स्तरोन्नति कार्य उ.स.</td><td>2450000.00</td></tr>
<tr><td>3.</td><td>वडा नं.8 भगतपुर मझौवा सडक कालोपत्रे उ.स.</td><td>4673000.00</td></tr>
<tr><td>4.</td><td>वडा नं.11 कन्चनपुर मन्दिरदेखि सीतापुर मा.वि. स्कुल जाने बाटो उ.स.</td><td>5450000.00</td></tr>
<tr><td>5.</td><td>वडा नं.10 महेशपुरदेखी वडा कार्यालयसम्म जाने बाटो कालोपत्रे कार्य उ.स.</td><td>4005000.00</td></tr>
<tr><td></td><td>जम्मा</td><td>21576600.00</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>जनश्रमदान<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु..</td><td>३५,०३०</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>अतिरिक्त सुविधा<br>करारका कर्मचारीलाई करारको शर्त बमोजिम तलव भत्ता मात्र दिन पाउने व्यवस्था छ । नगरपालिकाले 5 जना करारका कर्मचारीलाई मासिक रु 5000।00 का दरले जम्मा रु 325000।00 र एकजना करारको कर्मचारीलाई मासिक रु 7000।00 का दरले रु 78000।00 समेत रु 403000।00 करारको शर्त</td><td>४०३,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | बमोजिमको तलव भत्ता बाहेक अतिरिक्त भत्ता जनार्इ खर्च लेखेको छ । यसरी करारको कर्मचारीलार्इ अतिरिक्त भत्ता दिने कुनै व्यवस्था नरहेकोले भएको खर्च नियमसम्मत नदेखिएको रु... | |
| ४८ | | | **अमानतबाट कार्य**<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम 98 मा अमानतबाट कार्य गराउँदा एकता माथिको स्वीकृति लिनुपर्ने ब्यवस्था छ । नगरपालिकाले देहायअनुसार प्रतिस्पर्धा नगरी कर्मचारी, विद्यालयका प्रधानाध्यापक, विभिन्न व्यक्तिबाट निर्माण कार्य गराई रु. 1109906.18 खर्च लेखेको छ। यस्तो कार्यमा नियन्त्रण गरी नियमानुसार नभएको खर्च नियमित गर्नुपर्ने रु... | १,१०९,९०६.१८ |

| गो.भौ.नं. | प्रयोजन | अमानतबाट काम गरेको विवरण | खर्च रु. |
|---|---|---|---|
| 10-2077/8/9 | सडक मर्मत कार्य | दिप नारायण साह वडा सचिव | 95916.36 |
| 33-2077/9/24 | सडक मर्मत कार्य | दिप नारायण साह वडा सचिव | 99277.75 |
| 34-2077/9/24 | सडक मर्मत कार्य | दिप नारायण साह वडा सचिव | 99825.74 |
| 37-2077/10/9 | वडा नं.1 मर्मत कार्य | डोकिन्द्र बहादुर कार्की | 72530.00 |
| 51-2077/10/22 | वडा नं.8 मर्मत कार्य | वडा सचिव राम नाथ यादव | 98002.46 |
| 52-2077/10/26 | वडा नं.2 मन्दिर मर्मत कार्य | रन्जु कुमारी यादव | 64098.78 |
| 54-2077/10/27 | वडा नं.8 को सडक मर्मत संभार | धिरज प्रसाद साह | 98002.46 |
| 65-2077/11/06 | बतहा नदी मर्मत कार्य | राजगिर यादव | 97976.65 |
| 66-2077/11/06 | बजार क्षेत्र सरसफाई | धनन्जय महतो | 87449.23 |
| 74-2077/11/23 | वडा नं.5 सडक मर्मत कार्य | दिप नारायण साह | 99238.81 |
| 110-2078/1/10 | वडा नं.8 मा मर्मत संभार कार्य | सवित कुमारी साह | 99087.94 |
| 111-2078/1/13 | वडा नं.12 मा माटो तथा ग्राभेल कार्य | वडा सचिव संजिप कुमार महतो | 98500.00 |
| | | जम्मा | 1109906.18 |

४९

**सूचना प्रकाशन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने

व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले निम्नानुसारका सूचना प्रकाशन गर्ने मिडिया प्रालिलाई पटक पटक गरी रु 1380243।50 भुक्तानी गरेको छ। एउटै फर्मबाट काम गराई बर्ष भरिमा सिमा भन्दा बढी भुक्तानी गरेको छ । मिडिया प्रा.लि. बाट काम गराएकोमा दररेट माग नगरी सोझै काम गराएकोले पेश भएको बिल रकम यथार्थपरक भएको यकिन गर्न सकिएन ।यसरी नियम विपरीत भएको सोझै खरिद कार्य नियन्त्रण गर्नुपर्दछ ।

| गो.भौ.नं. र मिति | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|
| 117-2077/8/16 | आवरण मिडिया प्रा.लि. | 260270.00 |
| 159-2077/9/13 | इनोभेटिभ मिडिया प्रा.लि. | 132888.00 |
| 190-2077/9/23 | धमनिमाई मिडिया प्रा.लि. | 358492.50 |
| 117-2077/8/16 | आवरण मिडिया प्रा.लि. | 260270.00 |
| 118-2077/8/16 | कन्चनजगा न्युज नेटवर्क | 135600.00 |
| 372-2078/3/1 | अनुकल्प मिडिया प्रा.लि. | 121023.00 |
| 387-2078/10/1 | धमनिमाई मिडिया प्रा.लि. | 111700.00 |
| जम्मा | | 1380243.50 |

५०

**छुट नलिएको** ३३,२२२

सार्बजनिक खर्चमा मितव्ययिता कायम गर्न सूचना प्रकाशन गराउँदा अनिवार्य रुपमा मिडिया प्रा.लि. तथा प्रत्रिकबाट छुट लिनुपर्ने व्यवस्था छ। नगरपालिकाले माथि उल्लेखित मिडीया प्रा.लि. हरुलाई भुक्तानी गर्दा इनोभेटिभ मिडिया प्रा.लि. बाहेक सबै मिडिया प्रा.लि. ले 25 प्रतिशत छ्ट दिएको देखियो । कार्यालयले इनोभेटिभ मिडिया प्रा.लि.बाट छुट नलिएकोमा रु 33222।00 बढी व्ययभार पर्न गएको रु......

५१

**सोझै खरिद** ७,७८२,५६८.०५

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु 7782568।05 को सोझै खरिद गरेको नियमित नदेखिएको रु.

| गो.भौ.नं. मिति | विवरण | फर्मको नाम | रकम |
|---|---|---|---|
| 29-2076/6/20 | मालपोतकर तथा भुमिकर आयलेखा सफ्टवेयरको डाटा माइग्रेन कार्य | साग्रिला इन्फरमेटिक्स | 498330.00 |
| 255-2077/10/12 | विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन तालिम | कौशस परामर्श सेवा | 494490.00 |
| 276-2077/10/30 | वातावरणीय परीक्षण कार्यक्रम | अंजली इन्जिनियरिङ्ग कन्सल्टेन्सी | 490600.00 |
| 498-2078/1/3 | डकुमेन्ट्रि निर्माण | इनोभेटिभ मिडिया एलाइन्स प्रा.लि. | 498000.00 |
| 199-2078/3/18 | खेलकुद सामग्री खरिद | एस.एम.ट्रेडर्स | 241961.25 |
| 201-2078/3/18 | सिलाई मेशिन खरिद | बिकी सप्लायर्स | 237300.00 |
| 4-2077/10/7 | गहुँ विउ वितरण | योगेन्द्र मरिक यादवलाई पेश्की दिई सोझै खरिद | 600000.00 |
| 5-2077/10/7 | हाइब्रिड जातको तरकारी विउ वितरण | सुवोध लाल साहलाई पेशकी दिई सोझै खरिद | 917500.00 |
| 131-2078/2/11 | वडा नं. खानेपानी चापाकल खरिद | शक्ति ट्रेडर्स | 497035.64 |
| 4-2077/7/5 | फर्निचर खरिद | कृष्णा फर्निचर | 497200.00 |
| 29-2077/9/21 | सडमक मर्मत कार्य | रुसी कन्सट्रक्सन | 464094.16 |
| 40-2077/10/18 | वडा नं.2 मर्मत तथा निर्माण कार्य | लक्ष्मी निर्माण सेवा | 464556.80 |
| 41-2077/10/18 | वडा न.12 ममर्त तथा निर्माण कार्य | सत्यम निर्माण सेवा | 483808.56 |
| 43-2077/10/18 | सभाहलमा फर्निचर खरिद | कृष्णा फर्निचर | 463300.00 |

| | | | |
|---|---|---|---|
| 69-2077/11/10 | डेस्क बेन्च खरिद | शिव शक्ति ग्रिल उद्योग | 470645.00 |
| 112-2078/01/15 | वडा नं. 10 को मर्मत संभार कार्य | सुसाज निर्माण सेवा | 463746.64 |
| जम्मा | | | 7782568.05 |

५२

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । नगरपालिकाले आन्तरिक आय अनुमान गर्दा शीर्षकगत अनुमान तयार गरेको छैन । आर्थिक वर्ष र २०७७।७८ मा समान रु. 15000000।00 अनुमान गरेको पाइयो । आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय बर्ष | अनुमान | असुली | असुली% |
|---|---|---|---|
| २०७६।७७ | 15000000।00 | 16528427.04 | 110.18 |
| २०७७।७८ | 15000000।00 | 28175130.78 | 187.83 |
| जम्मा | 30000000.00 | 44703557.82 | |

५३

**पोखरी निर्माणमा असुल उपर गर्नुपर्ने** — १२,५५०,५५८.२६

1. नगरपालिकाले तयार गरेको राजश्वको वार्षिक प्रगति प्रतिवेदनमा १५ पोखरीको ठेक्काबाट रु. 7397800।00 संकलन गरेको देखिएको छ । कार्यालयबाट प्राप्त पोखरी ठेक्काको विवरण अनुसार रु. 7६90८००।०० संकलन गरेकोले रु. 293000।०० घटि आय देखाउनेलाई जिम्मेबार बनाई दाखिला गर्नुपर्ने रु....
2. रोलर लगायतका यन्त्र उपकरणको भाडा रु. 1080700।०० को लगत राखी दाखिला सुनिश्चित गर्नुपर्दछ । रु....
3. अभिलेख घरनक्साको अद्यावधिक गरी प्राप्त आय दाखिला सुनिश्चित गर्नुपर्दछ । रु...
4. नगरपालिकाले सूत्रमा प्रविष्ट गरेको आन्तरिक आय रु. 28175130।७८ तथा वैंक दाखिला आय रु. 23242940।29 भई रु. 4932190।49 बैंकमा कम दाखिला भएको पाइयो । नगरपालिकाले वास्तविकता पहिल्याई दाखिला गर्नुपर्ने रु......

| | | | | | |
|---|---|---|---|---|---|
| | | | 5. वडा कार्यालयको आय संकलन र दाखिलामा देहाय अनुसार रु. 2537863।25 फरक परेको छ । नगरपालिकाले वास्तविकता पहिल्याई उक्त रकम दाखिला गर्नुपर्दछ ।रु...<br>6. नगरपालिकाको पोखरी ठेक्काको लगत अद्यावधिक गरेको छैन । नगरपालिकाले तयार गरेको वार्षिक प्रतिवेदनमा देहायका ठेकेदारले रु. 3356001।00 ठेक्का रकम दाखिला गर्न बाँकी छ । नगरपालिकाले निजहरुले राखेको धरौटी जफत गरी थप कारवाही गरेको देखिएन । उक्त रकम संझौता अनुसारको सुद, हर्जजा र जरिवाना सहित दाखिला गर्नुपर्ने रु... | | |
| ५४ | | | **आय ठेक्का नियमसम्मत नभएको**<br>घुर्मी खोलाबाट नदीजन्य पदार्थ उत्खनन् तथा निकासीको रकम बाँडफाँडका लागि भएको संझौता माग गरेकोमा लेखापरीक्षणमा पेश भएन । सिरहाका दुई नगरपालिका गोलबजार र मिर्चैया नगरपालिका बीच भएको संझौता अनुसार ५०%-५०% का दरले निकासी आय प्राप्त गर्नुपर्ने देखिएको छ । यसवर्ष २०७७।७८ मा गोलबजार नगरपालिकाले ठेक्का लगाएकोमा यस नगरपालिकाको अंश रु. 3800000।०० मध्ये रु. 400000।०० प्राप्त गरेको देखिएन । उक्त रकम नियमानुसार प्राप्त गर्नुपर्ने रु...... | | ४००,००० |
| ५५ | | | **सामुदायिक विद्यालयको आम्दानी र खर्च**<br>1. सामुदायिक विद्यालयको आम्दानी र खर्च व्यवस्थित हुनुपर्दछ । सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा देखिने आकर्षण विद्यालयको सटरभाडा लगायतको आम्दानी हुने गरेको पाइयो । नगरपालिकाले सामुदायिक विद्यालयको सटरभाडा, पोखरी र हाटवजार तथा बगैंचा समेतको अनुगमन गरी आम्दानीको लगत राख्नुपर्दछ ।नगरपालिका भित्रका 26 सामुदायिक विद्यालयले लगाएका पोखरी, बगैचा तथा हाटबजार ठेक्काको आयगत लगत राखी अनुदान उपलब्ध गराउँदा विद्यालयको आन्तरिक आय कूल अनुदानबाट घटाएर मात्र अनुदान निकासा गर्नुपर्दछ ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन ।<br>2. लेखापरीक्षणका क्रममा ५ सामुदायिक विद्यालयको लेखापरीक्षण प्रतिवेदन माग गरी परीक्षण गर्दा आर्थिक वर्ष २०७६।७७ आन्तरिक आयको स्थिति देहाय अनुसार छ । | | |

| क्र.सं. | विद्यालयको नाम | आन्तरिक आय रु. |
| --- | --- | --- |
| 1. | जनचेतना आधारभूत विद्यालय मल्हनियाँ खोरी, मिर्चैया वडा 2 | 0.00 |
| 2. | बाबुजी राय जुजनाई ठाकुर मावि फुलबरिया, मिर्चैया वडा ८ | 1155545.00 |
| 3. | जनता आधारभूत विद्यालय सितापुर कालाबन्जर, मिर्चैया वडा ११ | 19000.00 |
| 4. | शारदा मावि रामपुरविर्ता, मिर्चैया वडा १ | 86000.00 |
| 5. | मोहन नमूना मावि, मिर्चैया वडा ५ | 893450.00 |
| | जम्मा | 2153995.00 |

| | | | | |
|---|---|---|---|---|
| | | | 1. नगरपालिकाले बाँकी वडाहरुको पनि संकलित आय र दाखिला रकम भिडान/एकीन गरी दाखिला बाँकी रकम सुद सहित दाखिला गर्नुपर्दछ ।<br>2. मालपोत कार्यालयबाट प्राप्त हुने रजिष्ट्रेसन शुल्क प्राप्त गरेको पाइएन । उक्त रकम भूमिसुधार तथा मालपोत कार्यालय सिरहाबाट प्राप्त गर्नुपर्दछ ।<br>3. नगरपालिकाले उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तिको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौता अनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्दछ । | |
| ५६ | | | **डिजिटाइजेसन खर्च (247।०७८।३।१५)**<br>: आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम 39 मा सरकारी रकम खर्च गर्दा पर्याप्त पुष्ट्याई राख्नुपर्ने उल्लेख छ ।नगरपालिकाले श्री संजयकुमार ठाकुर (600684510) लाई व्यक्तिगत घटना दर्ता, डिजिटाइजेसन, स्क्यानिङ जस्ता कार्य गरेको जनाई २०७७।१।१ को संझौता संलग्न गरी रु. 465000।०० खर्च गरेको छ । नगरपालिकामा २ जना मिस अपरेटर तथा १ फिल्ड सहायक रहेको पंजिकरण शाखा रहेको छ । शाखालाई ठाकुरले सामाजिक सुरक्षाको तथ्यांकमा काम गरेको जानकारी छैन । तेस्रो सामाजिक सुरक्षा भत्ता समेत समयमा निकासा गरेको देखिएन । सोझै लेखा शाखाले भुक्तानीका लागि सिफारिस गरी खर्च लेखेको तथा खर्चको वास्तविकता नखुल्ने गरी उद्धेस्य अनुरुप नभएको खर्च असुल गर्नुपर्ने रु.... | ४६५,००० |
| ५७ | | | **अनुगमन** | |

| | | | | |
|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले स्थानीय तहलाई लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ ।नगरपालिकाले प्रभावकारीरुपमा अनगुमन गरेको देखिएन । सामाजिक सुरक्षा भत्ता कार्यक्रमको अनुगमनलाई प्रभावकारी बनाई सरकारी खर्चको अधिकतम सदुपयोग गर्नुपर्दछ । | |
| ५८ | | | **वितरण अभिलेख**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा खर्च गरेको रकमको उपयोगको सुनिश्चितता हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले प्रभु बैक, सनराइज बैक लि., बैंक अफ काठमाण्डौं, सिद्धार्थ बैंक, ग्लोबल आई.एम.ई. वैकलाई पठाएको चौमासिक निकासा रु. 42036388।०० को वितरण पुष्ट्याई अभिलेख अद्यावधिक गरी प्राप्त गरेको देखिएन । सम्बन्धित लाभग्राहीले भत्ता प्राप्त गरेको सुनिश्चित हुने वितरण अभिलेख तयार गर्नुपर्दछ | |
| ५९ | | | **न्यायिक समिति**<br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी 23 र यो बर्ष थप भएको 60 गरी कूल 83 विवाद दर्ता भएकोमा 21 वटा मात्र फछ्र्यौट भई 62 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ६० | | | **बैठक भत्ता**<br>प्रदेश नं. 2 अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको दिन देखि लागू हुने गरी तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले सभा, कार्यपालिका, वडा लगायतको बैठक भत्ता वापत रु 6851705।00 खर्च गरेको छ । बैठक भत्ता 2076 कार्तिक देखि 2078 असार सम्म को 21 महिनाको मासिक 3 वटा बैठकका दरले सम्पुर्ण पदाधिकारीला ्इ बैठक भत्ता भुक्तानी गरेको छ। ऐनमा भएको व्यवस्था बमोजिम बैठक बसे वापत यकिन गरी मासिक बढीमा 3 वटा बैठकको भत्ता भुक्तानी गर्नुपर्नेमा सुविधामा भएको व्यवस्था बमोजिम मासिक 3 वटाका दरले बैठक भत्ता भुक्तानी गरेको छ। यस्तो कार्यला ्इ यथार्थपरक बनाउनुपर्दछ । | |
| ६१ | | | **231-2077/10/15 ,बैठक भत्ता**<br>नगरपालिकाका सवै पदाधिकारीले ऐनमा भएको व्यवस्था बमोजिम वडा स्तरिया बैठक भत्ता एक मुष्ट रुपमा 21 महिनाको मासिक 3 वटाको दरले भत्ता भुक्तानी लि ्इ सकेको छ। नगरपालिकाले नगरसभा बैठक भत्ता जना ्इ 63 जनाको रु 1500।00 का दरले 2 दिनको रु 189000।00 खर्च लेखेको छ। ऐनमा भएको व्यवस्था भन्दा बढी सुविधा दिन नमिल्ने हुनाले कर कटा बाहेक रु 160650।00 सम्बन्धितबाट असुल गर्नुपर्दछ । | १६०,६५० |

| ६२ | | | **डीपीआर खर्च** | |
|---|---|---|---|---|

**डीपीआर खर्च**

1. बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| सि.न. | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण लागत |
|---|---|---|---|---|---|
| 1. | घुर्मिखोला पुलको डि.पि.आर. निर्माण | शोभा इन्जिनियरिङ्ग प्रा.लि. | 1129177.00 | 1129177.00 | 28194665.17 |
| 2. | बतहा खोला डि.पि.आर. | हाउस अफ इन्जिनियरिङ्ग एनालाइसिस कन्सल्टेन्सी | 1129871.00 | 1129871.00 | 74875688.00 |
| 3. | प्राथमिक स्वास्थ्य केन्द्र भवन डि.पि.आर | इ क्याच इन्जिनियरिङ्ग | 1497250.00 | 1497250.00 | |
| 4. | | गुरु इन्जिनियरिङ्ग सोलुशन | 1598950.00 | 1598950.00 | |
| 5. | सहिद गेटको डिपिआर | मण्डल इन्जिनियरिङ्ग प्रा.लि. | 299450.00 | 299450.00 | |
| 6. | बतहा खोलाको डि.पि.आर. | आर डि एस इन्जिनियरिङ्ग | 339000.00 | 339000.00 | |
| 7. | घुर्मि खोलाको प्रारम्भिक वातावरणिय परिक्षण | अन्जलि इन्जिनियरिङ्ग | 497200.00 | 497200.00 | |
| जम्मा | | | | **6490898**.00 | |

| | | | | |
|---|---|---|---|---|
| | | | 1. यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डि.पि.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।खर्चको सार्थकता हुने गरी डिपिआर गर्नुपर्दछ । | |
| ६३ | | | **परामर्श सेवा**<br>सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले मालपोतकर तथा भुमिकर आयलेखा सफ्टवेयरको डाटा माइग्रेशन कार्यको लागी शंग्रिला इन्फरमेटिक्सबाट परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. 498330।00 खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |

| | | | | |
|---|---|---|---|---|
| ६४ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन 2058 को दफा ८७ अनुसार अग्रीम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट मासिक सुविधा पाउने पदाधिकारीको सुविधामा मासिक पारिश्रमिक कर कट्टि गरेको पाइएन । कार्यालयबाट सुविधा भुक्तानी गर्दा पदाधिकारीहरुको मासिक १ प्रतिशतका दरले मात्र कर कट्टि गर्ने गरेकोले देहायको पदाधिकारीहरुको वार्षिक आयको गणना गर्दा करयोग्य आय देखिएकोले रु 54365।00 असुल गर्नुपर्ने रु.... | ५४,३६५ |
| ६५ | | | **राजस्वको बार्षिक प्रगति**<br><br>1. आन्तरिक आय तर्फको गोश्वरा भौचर नउठाएको ।<br>2. प्रत्येक दिन संकलित आन्तरिक आयको विवरण राखी जोडजम्मा गरी वैक दाखिला गर्नुपर्ने ।<br>3. रोलर लगायतका यन्त्र उपकरणबाट उठेको आयको विवरण तयार गर्नुपर्ने ।<br>4. नगरपालिकाले राजश्व रसिद काटेपछि सोलाई रद्ध गरेको विवरण तयार गरेको छैन । रसिद रद्ध गर्दा टिप्पणी उठाई कार्यालय प्रमुखबाट प्रमाणित गर्ने कार्यको सुनिश्चित गर्नुपर्दछ ।<br>5. कार्यालय प्रमुखले समय समयमा संकलित आय र दाखिला विवरणको अनुगमन गर्नुपर्ने । | |
| ६६ | | | **आय ठेक्का**<br><br>1. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठ्न छुट भए, नभएको र राजश्वको लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए नभएको तथा लगती र हसवली राजश्वको लेखा रहे नरहेको परीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले राजश्व शाखा तथा वडाहरुबाट संकलित राजश्व नियमित रुपमा अनुगमन गरेको देखिएन । अनिवार्यरुपमा नियमित अनुगमन गरी संकलित र दाखिला आन्तरिक आयको मूल्यांकन गर्नुपर्दछ ।नगरपालिकाले देहायका व्यहोरामा ध्यान दिई आन्तरिक आय वढाउनुपर्दछ ।<br>2. नगरपालिकाले २३ पोखरी ठेक्काको सूचना प्रकाशन गरी १८ पोखरीको ठेक्का लगाई बाँकी ५ पोखरी ठेक्का नलागको सम्बन्धमा अनुगमन तथा मूल्यांकन गरेको देखिएन । नगरपालिकाले पोखरी ठेक्का लगाई वा अमानत लगायतका अन्य माध्यमबाट आय संकलन गर्नुपर्दछ ।<br>3. बजार ठेक्का ६ मध्ये ३ ठेक्का लागेको तथा ३ ठेक्का नलागेको सम्बन्धमा नगरपालिकाले थप कारवाही गरेको छैन ।<br>4. नगरपालिका भित्र रहेका विभिन्न हाटबजारको लगत संकलन गरी आन्तरिक आय वढाउने तर्फ ध्यान दिनुपर्दछ ।<br>5. नगरपालिका भित्र रहेका पोखरी तथा हाटबजारको लगत अद्यावधिक गरी पोखरी तथा हाटबजारको आय ठेक्का, अमानत लगायतका विधिबाट समेत संकलन गर्न ध्यान दिई आन्तरिक आय सुदृढ गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | 6. ब्यवसाय दर्ता अभियान, कर संकलन अभियान जस्ता कार्यक्रम चलाई, विद्यालयले संकलन गरेको आय सार्वजनिक गरी अनुदानसँग आवद्ध गर्दै नगरपालिकाको आन्तरिक आय बृद्धि गर्नुपर्दछ ।<br>7. ठेक्का सूचना प्रकाशन गरेको मध्ये ठेक्का नलागेका पोखरी तथा अन्य ठेक्काको माछा समेतको विक्रीबाट प्राप्त हुने आय तर्फ नगरपालिकाले ध्यान दिएको पाइएन । पर्याप्त तयारी तथा योजना सहित अमानत लगायतका अन्य उपायबाट आन्तरिक आय संकलन गर्नुपर्दछ । | |
| ६७ | | | **उपभोक्ता समिति दर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । नगरपालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग संझौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाई हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ६८ | | | **कार्य योजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम ८ मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू मध्ये विपद पोर्टलमा तथ्यांक समावेश गर्ने कार्य शुरुवात गरेको छ । ऐन तथा नियमावलीमा भएका व्यवस्थाको पूर्ण पालना गर्नु/गराउनु पर्दछ । | |
| ६९ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**<br>1. स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसारका व्यहोरा देखिएको छ । | |

2. पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पतिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नुपर्दछ ।

७० **खर्च पुष्टयाँइ** ४,९४४

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39 (10) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाँइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बिद्युत प्राधिकरणलाँइ कार्यालयमा बिद्युको बिल रु 29915।00 आएकोमा जरिवाना रु 4944।00 र अग्रीम भुक्तानी रु 65141।00 समेत रु 100000।00 भुक्तानी गरेको छ । यसरी प्राप्त विल रकम भन्दा रु 65141।00 बढी भुक्तानी भएकोले उक्त रकम बिद्युत प्राधिकरणबाट असुल फस्र्यौट गरी जरिवाना तिर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।रु...

७१ **धरौटी कट्टा** ३८६,५८४.१८

सार्वजनिका खरिद नियमाली 2064 को नियम 123 (4) मा कुनै पनि रनिङ विल वा अन्य विलको भुक्तानी गर्दा 5 प्रतिशत रकम धरौटी वापत कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायबमोजिमको ठेक्काबाट सामान खरिद गर्दा रु 7731683।67 भुक्तानी गरेकोमा नियमानुसार 5 प्रतिशतले हुने रु 386584।18 धरौटी कट्टा गरेको छैन। यसरी नियममा भएको व्यवस्था बमोजिम धरौटी कट्टा नगरेको कार्य नियमसम्मत नभएको रु....

| **गो.भौ.न.** | **कामको विवरण** | **फर्मको नाम** | **भुक्तानी रकम** | **धरौटी रकम** |
|---|---|---|---|---|
| 105-2077/7/23 | मसलन्द खरिद | न्यू अदुवंशी अफसेट प्रेस | 1519652.25 | 75982.61 |
| 192-2077/9/24 | मसलन्द खरिद | राहुल स्टेशनरी एण्ण ट्रेडर्स | 1969906.43 | 98495.32 |
| 265-2077/10/26 | मसलन्द खरिद | न्यू अदुवंशी अफसेट प्रेस | 1523675.00 | 76183.75 |
| 16-2077/8/22 | इन्भरटर र व्याट्री खरिद | एस.एन.ट्रेडर्स | 1218449.99 | 60922.50 |
| 61-2077/10/29 | सोलार बती खरिद तथा जडान कार्य | एस.एन.ट्रेडर्स | 1500000.00 | 75000.00 |
| जम्मा | | | 7731683.67 | 386584.18 |

७२ **हिसाव मिलान** १००,०००

<table>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39 (10) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने र प्रमाण पुष्टया्इ सहितलेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बिनोद कुमार महतोको पेश्की फर्छयौट गर्दा बैंक नगदी मा खर्च लेखेको छ। पेश्की दिदा पनि खर्च लेखेको हुनाले श्रेस्तमा दोहरो खर्च देखियो । यस सम्बन्धमा हिसाव मिलान गरी प्रमाण पेश गर्नुपर्ने रु..</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>बिद्युत बिल अग्रिम भुक्तानी<br>आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39 (10) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने र प्रमाण पुष्टया्इ सहितलेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसार खर्च लेखेकोमा प्रमाण पुष्ट्या्इ सहितका कागजात संलग्न गरेको छैन । प्रमाण पुष्टया्इ वेगर लेखिएको उक्त खर्चको पुष्टया्इ पेश गर्नुपर्ने रु...<br>
<table>
<tr><th>गो.भौ.नं.</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>340-2077/11/12</td><td>खेलकुद कार्यक्रम</td><td>473116.00</td><td>भौचर मात्र संलग्न रहेको</td></tr>
<tr><td>16-2077/8/22</td><td>इन्भरटर र व्याट्री खरिद</td><td>1218449.99</td><td>फाइल संलग्न नरहेको</td></tr>
<tr><td>40-2077/10/28</td><td>वडा नं.2 मर्मत तथा निर्माण कार्य</td><td>464556.80</td><td>श्रेस्ता पेश नभएको</td></tr>
<tr><td>41-2077/10/28</td><td>वडा नं.12 सडक मर्मत कार्य</td><td>483808.00</td><td>श्रेस्ता पेश नभएको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>2639930.79</td><td></td></tr>
</table></td><td>२,६३९,९३०.७९</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>नर्म्स भन्दा बढी भुक्तानी<br>नगरपालिकाले कुनैपनि तालिम, सेमिनार तथा गोष्ठीहरु संचालन गर्दा सरकारको कार्यक्रम संचालन गर्ने खर्च सम्बन्धी मापदण्ड निर्देशिका 2075 बमोजिम गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम गराउने कौशिस परामर्स सेवा प्रा.लि.ला्इ रु 494490।00 भुक्तानी गरेको छ । कार्यक्रममा 45 जना सहभागीला्इ 2 दिनको अभिमुखीकरण कार्यक्रम प्रदान गरेकोमा निमनानुसरको शीर्षकमा नेपाल सरकारले तोकेको नर्मस् भन्दा रु 193500।00 बढी खर्च भुक्तानी भएको छ । नर्मस् भन्दा बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.....</td><td>१९३,५००</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>वितरण प्रमाण</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | 1. आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39 (10) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने र प्रमाण पुष्टयाँइ सहितलेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले परिषद संचालन गर्न डायरी 245 थान रु 225613।00 खरिद गरेको छ । नगरपालिकाले 64 थान वितरण गरेकोमा जिन्सी सिस्टममा पूरै एकमुष्ट रुपमा घटाँइ खर्च लेखेको छ। सामानको खर्चको यथार्थता अनुसार सिस्टममा खर्च लेख्नपर्नेमा पूरै खर्च लेख्नु नियम्सम्मत देखिएन । कार्यालयमा सामानको दाखिला र खर्चलाँइ यथार्थपरक बनाउनुपर्दछ ।<br>2. कार्यालयले 245 थान खरिद गरेकोमा 64 थान मात्र वितरण गरेको छ । कार्यायलमा पुरै सामानको खर्च देखाएकोले बाँकी 181 थान व्याग वितरणको प्रमाण पेश गर्नुपर्दछ । | |
| ७६ | | | **खर्च पुष्ट्याई**<br>आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39 (10) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने र प्रमाण पुष्टयाँइ सहितलेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले धमनी भैंसी पालन समुहबाट 10 वटा भैंसी रु 124000।00 का दरले रु 1240000। 00 मा खरिद गरेको छ। खरिद गर्दा दररेट पनि नलिँइ सोझै खरिद गरेकोले खरिद गरेको भैंसीको मूल्य सहि हो भने यकिन भएन । यसरी सोझै खरिद गरेको कार्य नियम्सम्मत नभएको रु.... | १,२४०,००० |
| ७७ | | | **खर्च पुष्ट्याई तथा सुनिस्चितता**<br>1. खरिद गरेको भैसिको चेक सम्बन्धित भैसी पालन समुहको नाममा चेक जारी नभएको र बैंकको नाममा चेक जारी गरेकोले उक्त रकम सम्बन्धित फर्मले बुझेको प्रमाण पेश गर्नुपर्दछ ।<br>2. खरिद गरेको भैसीको उपयोग के, कहाँ, भएको प्रमाण संलग्न श्रेस्तासाथ संलग्न छैन । खरिद भएको भैसीको उपयोग सुनिश्चित गर्नुपर्दछ । | |
| ७८ | | | **बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली 2064 को नियम 121 मा कुनैपनि विल वा रनिङ्ग विलको भुक्तानी गर्दा प्राविधिक मूल्याँकन अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ। वडा नं.11 कन्चनपुरदेखी सितापुर मा.वि. सम्म सडक कालोपत्रे कार्यको उपभोक्ता समितिलाँइ रु 5270270।57 भुक्तानी गरेको छ । भुक्तानी गर्दा प्राइम कार्पेटको काम 145.5 घन मिटरको रु 14165.04 का दरले भुक्तानी गरेको छ । प्राइमकोर्टको दरमा भाडा दिंदा लहानबाट ल्याएको सामानलाँइ अमलेखगन्जको भाडा जोडी रु 11039.00 बढी व्ययभार पर्न गएकोले यस्तो कार्यलाँइ यथार्थ दुरीको यकिन गरी यथार्थपरक बनाउनुपर्दछ । | |
| ७९ | | | **बढी भुक्तानी** | ९७,७९७.४ |

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली 2064 को नियम 121 मा कुनैपनि विल वा रनिङ्ग विलको भुक्तानी गर्दा प्राविधिक मूल्याँकन अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ। वडा नं.6 मा सडक ढलान तथा नाला निर्मण कार्यको भुक्तानी उपभोक्ता समितिलाइ रु 1700338.39 गरेको छ । भुक्तानी गर्दा फर्म वर्कको काम 266 वर्ग मिटरको रु 796.67 का दरले भुक्तानी गरेको छ । फर्मवर्कको दर अरु सवै योजनामा रु 432.77 का दरले भुक्तानी गरेकोले रु 363.90 का दरले बढी भुक्तानी भएको रु 97797। 40 सम्बन्धितबाट असुल गर्नुपर्ने रु .. | |
| ८० | | | **रेडक्रसको भवन निर्माण**<br>सरकारी रकम खर्च गर्दा सार्वजनिक निर्माण कार्यमा मात्र खर्च गर्नुपर्दछ। नगरपालिकाले रेडक्रसको अधुरो भवन निर्माण कार्यको लागि रु 1965000।00 खर्च लेखेको छ । यसरी अन्य संस्थाको भवन निर्माण गर्ने कार्य औचित्यपूर्ण नरहेकोले नियमित नदेखिएको रु..... | १,९६५,००० |
| ८१ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा 7 जना कर्मचारीहरु करारमा राखी रु.3582540।00 खर्च लेखेको छ । | |
| ८२ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नगरपालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु. 15151542।00 खर्च लेखेको छ । नगरपालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८३ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका 25 सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | कायम गरिएको दरवन्दी | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | श्री मोहन मा.वि. | 43 | 43 | 0 | 52 | 2666 |
| 2 | श्री बा.जु.मा.वि.फुलवरिया 7 | 9 | 9 | 2 | 21 | 962 |
| 3 | श्री शारदा मा.वि. रामपुरविर्ता 1 | 9 | 9 | 2 | 15 | 528 |
| 4 | श्री ज.मा.वि. सितापुर 11 | 5 | 5 | 2 | 17 | 685 |
| 5 | श्री आ.वि. मल्हनियाँखोर 2 | 5 | 5 | 3 | 10 | 360 |
| 6 | श्री आ.वि.राघोपुर 3 | 6 | 6 | 3 | 9 | 245 |
| 7 | श्री ज.आ.वि.छघरे 7 | 2 | 2 | 1 | 3 | 76 |
| 8 | श्री ज.आ.वि.महलवोना 9 | 3 | 3 | 1 | 4 | 148 |
| 9 | श्री देउराली आ.वि.घुर्मि 9 | 2 | 2 | 1 | 3 | 100 |
| 10 | श्री ज.आ.वि.मन्ठाईकुट्टी 1 | 2 | 2 | 1 | 3 | 95 |
| 11 | श्री आ.वि.रतनपुर 10 | 2 | 2 | 0 | 3 | 107 |
| 12 | श्री आ.वि.मिथिलेश्वर 10 | 3 | 3 | 0 | 4 | 174 |
| 13 | श्री ज.आ.वि.गद्हवा 11 | 3 | 3 | 0 | 3 | 114 |
| 14 | श्री आ.वि. हट्लेटवा 3 | 4 | 4 | 0 | 4 | 206 |
| 15 | श्री आ.वि.कुथनमा4 | 4 | 4 | 2 | 6 | 282 |
| 16 | श्री मौजे आ.वि.सिक्रोन 12(7) | 3 | 3 | 0 | 3 | 84 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 17 | श्री आ.वि.सिक्रोन 12(5) | 1 | 1 | 3 | 4 | 121 |
| 18 | श्री आ.वि. सिक्रोन12(4) | 2 | 2 | 0 | 2 | 53 |
| 19 | श्री आ.वि.सिक्रोन12(3) | 2 | 2 | 0 | 3 | 115 |
| 20 | श्री बजरंग आ.वि. मल्हनियाँखोरी 2 | 1 | 1 | 1 | 2 | 63 |
| 21 | श्री जन्चेतना आ.वि. मल्हनियाँखोरी 2 | 4 | 4 | 0 | 4 | 155 |
| 22 | श्री आ.वि.महादेवा 1 | 4 | 4 | 0 | 4 | 209 |
| 23 | श्री आ.वि.रम्प्रा 9 | 3 | 3 | 0 | 4 | 159 |
| 24 | श्री आ.वि.मटियर्वा 6 | 4 | 4 | 2 | 6 | 171 |
| 25 | श्री श्री आ.वि.पिपराढोड्ना 10 | 3 | 3 | 2 | 5 | 195 |
| | जम्मा | 129 | 129 | 26 | 194 | 8073 |

| क्र.सं. | सम्बन्धित व्यहोरा |
|---|---|
| १ | नगरपालिकाले विद्यार्थी संख्या र यातायात पहुँचका आधारमा विद्यालयहरु एक आपसमा गाभी शिक्षण प्रभावकारी बनाउनुपर्दछ । |
| २ | नगर शिक्षा समितिको मिति 2078।5।18 गतेको बैठकले सामुदायिक विद्यालयहरुको विद्यार्थी संख्याको आधारमा मौजुदा शिक्षकहरुको दरवन्दीले नपुग हुने देखि विभिन्न विद्यालयमा 39 जना शिक्षकहरुको दरवन्दी थप गरी पदपूर्ति गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ । |
| ३ | करार शिक्षक- उक्त 25 विद्यालयहरुको लागि 155 वटा स्थायी शिक्षक दरवन्दी रहेकोमा 26 जना शिक्षक दरवन्दी रिक्त रहि करार शिक्षकबाट विद्यालय संचालन भएको देखिएकोले यथासक्य स्थायी शिक्षकको व्यवस्था हुनुपर्ने देखिन्छ । |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| ८४ | | | **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७7।78) मा इमिस (EMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००।00 का दरले, शिक्षण सिकाइ सामाग्री तथा बुक कर्नर (Book Corner) व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-10 प्रति विद्यार्थी वार्षिक रु.२००।00 का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.500। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.200। का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.15।00 का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले इमिसमा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम इमिस डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ । | |
| ८५ | | | **दिवा खाजा**<br>पालिकाले दिवा खाजा कार्यक्रम संचालनका लागि भौचर नं. 105 र 201।2078।2।23 बाट रु.3366300।00 विद्यालयहरुलाई खर्च लेखेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् : | |
| ८६ | | | **दिवा खाजाको पुष्ट्याई**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(5) बमोजिम सरकारी रकम खर्च गर्दा पुष्टि गर्ने बिल भरपाई, पुष्ट्याई लगायतका प्रमाण संलग्न हुनुपर्ने व्यवस्था छ ।नगरपापालिकाले 25 विद्यालयहरुलाई दिवा खाजाको लागि रु. 3366300।00 निकासा गरेको छ । सो निकासाको पुष्टि हुने आधारभूत विल भरपाई, विद्यार्थीहरुको हाजिरी संख्या र प्रगति प्रतिवेदन श्रेस्तासाथ संलग्न गर्नुपर्नेमा गरेको देखिएन ।खर्चको पुष्ट्याई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.... | ३,३६६,३०० |
| ८७ | | | **गुणस्तर**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ ले दिवा खाजाको मापदण्ड र गुणस्तर अनुसूचि 4 बमोजिम हुनुपर्ने व्यवस्था गरेको छ । स्थानीय तह र विद्यालय व्यवस्थापन समितिले उक्त कार्यक्रमको प्रत्यक्ष रेखदेख तथा अनुगमन निरीक्षण गरी प्रतिवेदन गर्नुपर्ने उल्लेख भएकोमा अनुगमन गरी प्रतिवेदन लिएको नदेखिएकोले विद्यालयहरुले अनुसूचि 4 अनुसार नै गुणस्तरीय दिवा खाजा खुवाएका छन भनी विश्वस्त हुन सकिएन । गुणस्तरीय खाजा खुवाउनुपर्दछ । | |
| ८८ | | | **नि : शुल्क पाठ्यपुस्तक** | |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले नि : शुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रम संचालनका लागि गोश्वरा भौचर नं. 210 र 318।078।3।26 बाट रु. 3784352।00 विद्यालयहरुलाई खर्च लेखेको छ । सो सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् : | |
| ८९ | | | **विद्यालयलाई निकासा**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार विद्यार्थीको यकीन संख्याको आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिदा पहिलो पटकमा विद्यार्थी संख्याको 75 प्रतिशत संख्यालाई मात्र दिनुपर्ने र 2078 वैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाइका अधारमा यकीन गरी नपुग हुने रकम थप अनुदान दिनुपर्ने व्यवस्था छ ।नगरपालिकाले पहिलो पटकमै शत प्रतिशत निकासा दिएको देखिन्छ । निकासा दिंदा शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाइ संलग्न नगरेको, र विद्यार्थी संख्या यकीन नगरी अनुदान दिएको रु. 2543055।- को विल भरपाई र वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु. | २,५४३,०५५ |
| ९० | | | **पाठ्यपुस्तक वितरणको अनुगमन**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार पालिकाले विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी प्रतिवेदन लिइ सुनिश्चितता गर्नु पर्ने व्यवस्था गरेकोमा अनुगमन गरी प्रतिवेदन लिएको देखिएन । अनुगमन गरी प्रतिवेदन लिनु पर्दछ । | |
| ९१ | | | **छात्रवृत्ति**<br>पालिकाले छात्रवृत्ति अनुदान कार्यक्रम संचालनको लागि गो.भौ.नं. 229 र 230।2078।3।10 बाट रु. 1882400।00 विद्यालयहरुलाई निकाशा खर्च लेखेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् : | |
| ९२ | | | **भरपाइ पेश**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७७।७8) मा इमिसमा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००। का दरले खर्च लेख्नुपन् व्यवस्था छ । तर पालिकाले छात्रवृत्ति ,दिवा खाजा र नि:शुल्क पाठ्यपुस्तकको खर्च लेख्दा इमिस (EMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा खर्च लेखेको देखिएन । खर्च लेखेको श्रेस्तामा शिक्षा अधिकृतबाट प्रमाणीत गरेको कक्षागत विद्यार्थी संख्या संलग्न देखिएन ।विद्यार्थी संख्याको तेरीज संलग्न राखी उक्त कार्क्रमहरुको रकम विद्यालयको खातामा निकाशा दिनु पर्दछ ।विद्यालयहरुले सम्वन्धित विद्यार्थीहरुलाई छात्र वृत्तिको रकम वितरण गरेको भरपाइ पेश हुनुपर्ने रु. | १,८८२,४०० |
| ९३ | | | **कार्य सम्पन्न प्रतिवेदनः** | १५,७६३,००० |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम 125 कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहाय वमोजिमका विद्यालयहरुलाई भवन निर्माण, प्रवलीकरण शौचालय जस्ता कार्य गर्न शिक्षा तथा मानव श्रोत केन्द्रबाट उपलब्ध गराएको ड्रइङ्ग डिजाईन र नर्मस् लागतका आधारमा रु. 16463000।०० अनुदान उपलव्ध गराएको छ । सम्बन्धित विद्यालयहरुले कार्य सम्पन्न गरी प्राविधिक नापजाँच र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने रु.....

| क्र.सं. | विद्यालयको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|
| 1. | श्री आधारभूत विद्यायल राधोपुर | विद्यालय भवन | 3600000.00 |
| 2. | श्री श्री मोहन मा.वि. मिर्चैया 2 | नमूना विद्यालयको भवन निर्माण | 10000000.00 |
| 3 | श्री आधारभूत विद्यालय कुथन्मा 8 | प्रवलीकरण | 1463000.00 |
| 4. | श्री ज.चे. आधारभूत विद्यालय मल्हनियाँखोरी 2 | वास सुविधा सहितको शौचालय | 700000.00 |
| | | जम्मा | १५७६३००० |

९४

**विद्यालयको लेखापरीक्षण**

आ.व.2076।77 को 3 विद्यालयहरु जनता आ.वि. महादेवा, आ.वि. राघोपुर र आ.वि. मटियर्वाले हालसम्म लेखापरीक्षण नगराएको भन्ने पालिकाबाट प्राप्त विवरणमा उल्लेख गरेको छ । पालिकाबाट विद्यालयहरुलाई ताकेता गरी लेखापरीक्षण गराउनुपर्ने अन्यथा निकासा र बैंक खाता रोक्का राखी आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ ।

९५

**सेनेटरी प्याडको खरिद योजना**

सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि 2076 को दफा ३ वमोजिम कक्षा 6 देखि १२ सम्म सबै सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्यांक इमिस लिई प्रति छात्रा रु. 877।- का दरले तथा दफा ६ को उपदफा ४ अनुसार एउटा महिनाबारी चक्रका लागि बढीमा १६ वटासम्म सेनिटरी प्याड उपलब्ध गर्नेगरी बार्षिक खरिद योजना तयार गरी विद्यालयहरुको मागको आधारमा खरिद गर्नुपर्ने उल्लेख छ । नगरपालिकालाई सशर्त अनुदान तर्फ रु० 14 लाख 97 हजार वजेट व्यवस्था भएकोमा बोलपत्रको माध्यम बाट 21910 वटा सेनिटरी प्याड आर.पी. सप्लायर्सबाट रु. 1457001।00 को खरीद गरेकोमा निम्नानुसार भएको देखिन्छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| ९६ | | | **गुणस्तर निरीक्षण प्रर्तिवेदन**<br>कार्यविधि 2076 को दफा ३ को उपदफा ४ वमोजिम अनुसूची १ मा उल्लेख गरिए बमोजिनको गुणस्तरको सेनिटरी प्याड प्रचलित कानून बमोजिम खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त फर्मबाट खरिद गरेको प्याडको स्पेशिफिकेशन अनुसार भए नभएको निरीक्षण गरी प्रर्तिवेदन लिनु पर्नेमा लिएको देखिएन । | | |
| ९७ | | | **विद्यालयलाई सेनिटटरी प्याड वितरण**<br>कार्यविधिको दफा-5 वमोजिम पालिकाले विद्यालयले छात्रा संख्याको आधारमा माग गरेको सेनिटरी प्याड शिक्षा शाखाले शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्यांकसंग भिडाई आवश्यक संख्यामा उपलब्ध गराई विद्यालयगत अभिलेख राखी वितरण गरी खर्च लेख्नुपर्नेमा हालसम्म वितरण नगरी स्टोर मौज्दात राखेको जनाएको छ । | | |
| ९८ | | | **धरौट्टी कट्टि (292।०७८।३।24)**<br>सार्वजनिक खरिद नियमावली 2064 को नियम १२३(४) अनुसार भुक्तानी गर्दा ५% धरौटी कट्टि गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सेनेटरी प्याडको खरिद ठेक्का न MM 8।२०७७।७८ (बोलपत्र) को सवैभन्दा घटी कवोलकर्ता आर.पी. सप्लायर्सबाट रु 1457001।०० सेनेटरी प्याड रु. 1289381।14 मा (भ्याट बाहेक) खरिद गरेको छ । भुक्तानी गर्दा ५ प्रतिशतले हुने रु. 64469।00 धरौटी कट्टि गरेको पाइएन । अनिवार्यरुपमा धरौटी कट्टि गर्नुपर्दछ । | | |
| ९९ | | | **तलबी प्रतिवेदन**<br>निजामती सेवा ऐन 2049 को दफा 7 (ख) 2 बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर खर्च लेख्नुपर्ने व्यवस्था छ । संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालुबाट, स्वास्थ्य कर्मचारी लगायतका तलब भत्ता खर्च लेखेकोमा तलबी प्रतिवेदन पारित गराएको देखिएन । अतः खर्च लेखेको तलब भत्ता ग्रेड र तलबी प्रतिवेदनसंग भिडान गरी एकिन गर्न सकिएन । तलबी प्रतिवेदन पारित गरी खर्च लेख्नु पर्दछ । | | |
| १०० | | | **तलव भुक्तानी**<br>आर्थिक कार्यविध तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 को नियम ३९ मा सरकारी खर्च रकम यथार्थपरक हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले 2077 फाल्गुण महिनाको तलव भत्ता खर्च लेख्दा मिति 2077।11।19 गते अवकाश भएका सि.अ.हे.व हरिनारायण श्रेष्ठको पुरै महिनाको तलव र भत्ता खर्च रु. 55189।00 लेखेको छ । अवकाश भएपछिको अवधिको तलव र भत्ता खर्च लेख्न मिल्ने नदेखिएकोले रु.20236।00 बढी खर्च लेखेको रकम असुल हुनुपर्ने रु....... | | २०,२३६ |
| १०१ | | | **औषधि खरिद** | | |

| क्र.सं. | सम्बन्धित व्यहोरा |
| --- | --- |
| १ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।पालिकाले अयुर्वेद तर्फ रु.465181।00 को औषधि 3 वटा फर्मसंग कोटेशन लिइ सोझै खरिद गरेको छ ।तर ट्रमा सेन्टरको लागि रु. 4933000।00 को र स्वास्थ्य चौकीहरु तथा प्राथमिक स्वास्थ्य केन्द्रको लागि रु.1659472।00 को औषधिहरु उत्पादक कम्पनी गिताश्वानी फर्मास्युटिकल्स प्रा.लि. (स्थालेनं. 302580657) बाट सोझै खरिद गरी आयुर्वेद औषधि समेत कूल रु.7057652।00 का औषधि खरिद गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन । |
| २ | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । |
| ३ | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेसिफिकेसन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । |
| ४ | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । |
| ५ | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनुपर्नेमा एकमुष्ट घटाउने गरेको । |
| ६ | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । |

१०२

**ट्रमा यूनिट संचालन**

नेपाल सरकारको हाइवे (राजमार्ग ) सँग जोडिएका नगरपालिकाहरुमा ट्रमा युनिट संचालन गरी सडक दुर्घटनाका घाइते विरामीहरुलाई तत्काल उपचार सेवा पुर्याउने नीति रहेको छ ।सो अनुसार नगरपालिका हाइवेसंग जोडिएको हुनाले ट्रमा सेन्टर स्थापना गर्ने भनी डिजिटल एक्सरे, भेन्टिलेटर, प्यासेन्ट मोनिटर लायतका आवश्यक औजार उपकरण रु. 4933000।00 मा खरिद भई मौज्दातमै रहेको पाइयो ।समयमा प्रयोग नहुँदा वारेन्टीको म्याद गुज्रने तथा खिया लाग्ने समेत हुने देखिएको छ । नगरपालिकाले आवश्यक जनशक्तिको व्यवस्था हुन नसकेकोले संचालनमा आउन नसकेको जनाएको छ । ट्रमा यूनिट संचालन सम्वन्धी

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कार्यविधिको दफा 4 को उपदफा 1 अनुसार यथाशीघ्र जनशक्तिको व्यवस्था गरी संचालन गर्ने तर्फ प्रदेश स्वास्थ्य निर्देशनालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाडौ समेतको ध्यान जानुपर्दछ ।नगरपालिकाले ट्रमा युनिट संचालन गर्न भरमग्दुर प्रयास गर्नुपर्दछ । | | |
| १०३ | | | **न्यानो झोला खरिद र गुणस्तर**<br>सार्वजनिक खरिद नियमावली 2064 को नियम 115(1) अनुसार सार्वजनिक निकायले अपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले मेरीगोल्ड रेडिमेड कलेक्सन उद्योग प्रा.लि. (602738082) बाट न्यानो झोला(लुगा) प्रति सेट रु.775।00 का दरले 1142 सेट खरिद गरी मिति 225।078।3।17 मा रु. 1000000।00 भ्याट सहित भुक्तानी गरेको छ । सो फर्मबाट प्राप्त न्यानो झोला तोकिएको स्पेसिफिकेसन र गुणस्तरको भए नभएको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्नेमा तयार गरेको देखिएन ।नगरपालिकाले गुणस्तर परीक्षणको व्यवस्था मिलाउनुपर्दछ । | | |
| १०४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>1. स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा 30 निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यो वर्ष 155 जनालाई रोजगारी उपलव्ध गराई रु. 6756723 ।00 खर्च गरेको छ । लक्षित वर्गलाई 7 दिनदेखि 95 दिनसम्म (कूल 13069 दिनसम्म) रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।दीर्घकालीन रोजगारी सिर्जना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।<br>2. उपभोक्ता समितिला्इ जिल्ला दररेट अनुसारनै भुक्तानी भएको तर ज्यामीला्इ प्रधानमन्त्री कार्यक्रमबाट रु 517।00 का दरले नै भुक्तानी गरेकोले उपभोक्ता समितिला्इ ज्यामीको रकम बढी भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा नगरपालिकाले यकिन गर्नुपर्दछ । | | |
| १०५ | | | **फिर्ता**<br>सर्शत अनुदानको रकम खर्च नभई बाँकी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत खर्च नभई बाँकी रु. 2212192। ५० फिर्ता गरेको देखिएन । उक्त रकम नियमानुसार संघीय संचित कोष दाखिला गर्नुपर्ने रु... | | २,२१२,१८२.५ |
| १०६ | | | **लागत सहभागिता**<br>उपभोक्ता समितिबाट काम गराउँदा अनिवार्यरुपमा लागत सहभागिता कट्टा गर्नुपर्दछ । नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमसँग सहकार्य गरी निर्माण कामको भुक्तानी उपभोक्ता समितिलाई भुक्तानी गर्दा लागत सहभागिता कट्टा गरेको छैन । ज्यामीको दर रु 517।00 मात्र भएतापनि निर्णय गरी लागत सहभागिता | | २,३१६,४७३ |

| | | | | |
|---|---|---|---|---|
| | | | छुट दिएको देखियो । उपभोक्ता समितिला्इ भुक्तानी हुँदा नगरपालिकाको दररेट बमोजिम ज्यामीको रु 1000।00 र रु 650।00 कै दरले मूल्यांकन गरी भुक्तानी भएको देखियो । यसरी उपभोक्ता समितिला्इ नगरपालिकामा तयार गरेको दर विश्लेषणकै आधारमा भुक्तानी गर्दा लागत सहभागिता कट्टा गर्नुपर्नेमा रु 2316743।00 कट्टा नगरेको कार्य नियमसम्मत नभएकोले बढी व्ययभार पारेको रु..... | |


https://nams.oag.gov.np

| सि.न. | योजनाको नाम | भुक्तानी रकम | लागत सहभागिता रु. |
|---|---|---|---|
| 1. | वडा नं.1 नजिकको डिमा खोलामा तारजाली कार्य | 737100.00 | 73710.00 |
| 2. | शारदा मा.वि. स्कुलको भवन मर्मत सम्भार कार्य | 256333.00 | 25633.00 |
| 3. | वडा नं.3 सिसवानी टोलको चौतारो निर्माण कार्य | 132531.00 | 13253.00 |
| 4. | वडन नं.3 सिसवानी टोलमा दिलत वस्तीमा सामुदायिक भवन निर्माण कार्य | 1104213.00 | 110421.00 |
| 5. | वडा नं.4 आद्यारभूत विद्यालय नजिक खोलामा तटबन्ध निर्माण कार्य | 683513.11 | 68351.00 |
| 6. | आधारभुत स्कुल कुथनमामा माटो भरोठ कार्य | 62040.00 | 6204.00 |
| 7. | वडा नं.4 बद्रि महतोको घरदेखि दक्षिण जगत यादवको घरसम्म सडक ढलान कार्य | 1404471.08 | 140447.00 |
| 8. | वडा नं6 ठाकुर टोलमा सडक ढलान | 750890.00 | 75089.00 |
| 9. | वडा नं.6 को नाला सरसफार्इ | 496731.00 | 49673.00 |
| 10. | ठाकुर टोलको सडक मर्मत सम्भार | 736742.00 | 73674.00 |
| 11. | दिलिप साहको घरदेखि टिका कार्की घरसम्मको सडक ढलान | 1642651.60 | 164265.00 |
| 12. | कृषि तथा भेटेनरी भवन मर्मत सम्भार तथा कम्पाउणड वाल निर्माण | 1856227.00 | 185623.00 |
| 13. | धर्मु यादवको घरदेखि उत्तर मोहरलालको घरसम्म सडक ढलान | 1397779.64 | 139777.00 |
| 14. | नमूना टोलको सडक मर्मत कार्य वडा नं.7 | 940037.00 | 94003.00 |
| 15. | नया कृषि सडक निर्माण | 734461.00 | 73446.00 |
| 16. | कृषि सडक मर्मत सम्भार | 500973.00 | 50097.00 |

| | | | |
|---|---|---|---|
| 17. | डिहवार मन्दिर घेरवार | 615271.00 | 61527.00 |
| 18. | अधूरो कविर मन्दिर घेरवान | 474934.60 | 47493.00 |
| 19. | अधूरो दलान मर्मत संभार कार्य | 466693.00 | 46669.00 |
| 20. | अधूरो दलान तथा चपुतरा मर्मत संभार कार्य | 540087.00 | 54008.00 |
| 21. | स्वास्थ्य चौकी छत मर्मत संभार कार्य | 160320.00 | 16032.00 |
| 22. | अधूरो दलान तथा राम जानकी मन्दिर मर्मत सम्भार | 600795.00 | 60079.00 |
| 23. | महादेव मन्दिर बाल बिकास भवन मर्मत | 742642.00 | 74264.00 |
| 24. | अधूरो ढलान मर्मत सम्भार कार्य मुखिया पट्टी | 650427.00 | 65043.00 |
| 25. | ज.मा.वि. सितापुरको भवन मर्मत कार्य | 1560485.00 | 156048.00 |
| 26. | वडा नं.12 गगों मार्इ मन्दिर निर्माण कार्य | 468522.00 | 46852.00 |
| 27. | वडा नं. 12 माटो तथा ग्राभेल कार्य | 351333.41 | 35133.00 |
| 28. | पक्की नाला निर्माण कार्य | 2339529.00 | 233952.00 |
| 29. | लचका निर्माण तथा कृषि सडक मर्मत सम्भार | 656412.00 | 65641.00 |
| 30. | सामुदायिक भवन तथा सहकारी कार्यालय सरसफार्इ | 103400.00 | 10340.00 |
| जम्मा | | 23167544.44 | 2316747.00 |

| | | | | |
|---|---|---|---|---|
| १०७ | | | **फरक परिमाण** | १,०९३,१२६ |


https://nams.oag.gov.np

सार्वजनिक खरिद ऐन, 2063 को दफा 54(1) अनुसार खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ ।नगरपालिकाले निम्न 2 फर्महरुबाट सम्झौता रु.6617059।00 अनुसार निर्माण कार्य गरेकोमा घटि परिमाण रु.5523933।00 मा कार्य सम्पन्न भएको देखिन्छ । सोको स्पष्ट कारण खुलाई फरक परिमाणको प्रभाव एकीन गर्दछ ।रु

| क्र.सं. | कामको विवरण | निर्माण व्यवसायी | सम्झौता रकम (भ्याट बाहेक) | कार्य सम्पन्न रकम (भ्याट बाहेक) | घटी परिमाण प्रतिशत |
|---|---|---|---|---|---|
| 1 | वडास्तरीय हेल्थ केयर सेन्टर निर्माण | संजय निर्माण सेवा ठेक्का न 2/076/77 | 3312955.00 | 2531836.00 | 23.57 |
| 2 | वार्ड स्तरीय हेल्थ केयर सेन्टर निर्माण | ओम विल्डर्स एण्ड कन्सल्टेन्सी प्रा.लि. | 3304104.00 | 2992097.00 | 9.44 |
| | | | 6617059.00 | 5523933.00 | |

१०८

**धरौटी कट्टि**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम ४ अनुसार बिल वा बीजकको भुक्तानी गर्दा रिटेन्सन मनी रनिङ वा अन्य बिल बीजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायको ठेक्काको रनिङ बिलको भुक्तानी गरेकोमा 5 प्रतिशतले रिटेन्सन मनी (धरौटी) कट्टि गरेको पाइएन । नियमानुसार धरौटी कट्टि गर्नुपर्ने रु.....

२९६,५६४



https://nams.oag.gov.np

| क्र.सं. | गो.भौ.नं. मिति | ठेक्का नम्बर | वीजक रकम(भ्याट बाहेक) | 5 प्रतिशत धरौटी कट्टी |
|---|---|---|---|---|
| 1 | 2/078/1/10 | संजय निर्माण सेवा 2/076/77 | 1120852।00 | 56043.00 |
| 2 | 4/078/1/15 | ओम विल्डर्स 1/076/77 | 768728।00 | 38436.00 |
| 3 | 6/078/1/27 | ए टु जेट विल्ड्स 3/076/77 | 768271।00 | 38414.00 |
| 4 | 31/078/3/25 | यतिश कन्स्ट्रक्सन 3/077/78 | 1301293।00 | 65065.00 |
| 5 | 38/078/3/27 | संजय निर्माण सेवा 2/076/77 | 708657।00 | 35433.00 |
| 6 | 41/078/3/30 | ओम विल्डर्स 1/076/77 | 1263451।00 | 63173.00 |
| जम्मा | | | | 296564.00 |

| | | | | | |
|---|---|---|---|---|---|
| १०९ | | | **कोभिड–१९ तर्फ** | | |
| १०९.१ | | | आ.व. २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ । | | |

| **आम्दानी स्रोत** | **रकम रु** | **खर्च शीर्षक** | **रकम रु** |
|---|---|---|---|
| गत बर्षको बाँकी | 0.00 | राहत वितरण | 0.00 |
| स्थानीय तहको आफ्नै वजेट | 10817000.00 | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | 4049263.00 |
| संघीय कोभिड कोष | 1000000.00 | औषधि एवं स्वास्थ्य उपकरण खरिद | 2225551.00 |
| प्रदेश कोभिड कोष | 0.00 | आइसोलेसन केन्द्र निर्माण | 1580452.80 |
| अन्य स्रोतबाट | 0.00 | खोप कार्यक्रम खर्च | 0.00 |
| | | जोखिम भत्ता | 1125691.00 |
| | | प्रशासनिक खर्च | 100000.00 |
| | | अन्य खर्च | 291466.00 |
| | | वाँकी | 2444576.20 |
| **जम्मा** | 11817000.00 | **जम्मा** | 11817000.00 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | यस सम्बन्धमा निम्नानुसार देखिएको छ । यी व्यहोरामा नगरपालिकाले ध्यान दिई खर्चको महत्तम उपयोग गर्नुपर्दछ । | | |
| १०९.२ | | | क्र.सं. — व्यहोरा<br>१ — प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत समेतबाट अनुगमन गरी प्राप्त सुझाव अनुसार खर्च गर्ने गरेको नगरपालिकाले जनाएको<br>२ — नगरपालिकाले खाजा, खानामा मात्र रु. 3449263।०० खर्च गरेको छ । खर्च सार्वजनिकीकरण गरी पारदर्शिता सुनिश्चित गर्नुपर्दछ ।<br>३ — यस नगरपालिका भित्र ४ क्वारेन्टाइन, १ कोभिड अस्पताल रहेको छ । कोभिडका कारण कूल संक्रमित 367 भई ११८ कोभिड पोजिटिभ देखिएकोमा २०७८ आषाढसम्म १२ जनाको मृत्यु समेत भएको छ । त्यस्तै १७ जनामा कम्प्लिकेटेट (जटिल) केस देखिई अक्सिजन लगायत दिनु परेको नगरपालिकाले जनाएको छ ।<br>४ — नगरपालिकाले कोभिड विरुद्धकाँ २ भ्याक्सिन मध्ये 4313 जनलाई पहिलो डोज तथा 1759 जनालाई दोस्रो डोज लगाएको जनाएको छ । बाँकी नगरबासीलाई नियमानुसार कोभिड बिरुद्धको खोप लगाउनुपर्दछ । | | |
| १०९.३ | | | जिल्ला प्रशासन कार्यालय सिरहालाई रु. १०००००।०० कोभिड रोकथाम तथा नियन्त्रणका लागि उपलव्ध गराएको छ । उक्त रकम कार्यालयले प्राप्त गरेको सुनिश्चित गरी लेखापरीक्षण गरेको प्रतिवेदन प्राप्त गर्नुपर्ने रु... | १००,००० | |

| क्र.सं. | व्यहोरा |
|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत समेतबाट अनुगमन गरी प्राप्त सुझाव अनुसार खर्च गर्ने गरेको नगरपालिकाले जनाएको |
| २ | नगरपालिकाले खाजा, खानामा मात्र रु. 3449263।०० खर्च गरेको छ । खर्च सार्वजनिकीकरण गरी पारदर्शिता सुनिश्चित गर्नुपर्दछ । |
| ३ | यस नगरपालिका भित्र ४ क्वारेन्टाइन, १ कोभिड अस्पताल रहेको छ । कोभिडका कारण कूल संक्रमित 367 भई ११८ कोभिड पोजिटिभ देखिएकोमा २०७८ आषाढसम्म १२ जनाको मृत्यु समेत भएको छ । त्यस्तै १७ जनामा कम्प्लिकेटेट (जटिल) केस देखिई अक्सिजन लगायत दिनु परेको नगरपालिकाले जनाएको छ । |
| ४ | नगरपालिकाले कोभिड विरुद्धकाँ २ भ्याक्सिन मध्ये 4313 जनलाई पहिलो डोज तथा 1759 जनालाई दोस्रो डोज लगाएको जनाएको छ । बाँकी नगरबासीलाई नियमानुसार कोभिड बिरुद्धको खोप लगाउनुपर्दछ । |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| १०९.४ | | | माछापुछ्रे बैकबाट कोभिड कोषका लागि प्रात रु. 19000।०० नगरपालिकाले समावेश गरेको देखिएन । उक्त रकम आयमा समावेश गर्नुपर्ने रु... | १९,००० |
| ११० | | | **स्थलगत निरीक्षण**<br>प्रचलित ऐन, नियमले तोके अनुसार कार्यक्रम संचालन गरी उपलब्धि हासिल गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले संचालन गरेका केही योजना/कार्यक्रमको स्थलगत निरीक्षण गर्दा देहायका व्यहोरा देखिएका छन । यी व्यहोरामा सुधार गर्नुपर्दछ ।<br> तयार भएको वडा नं. २ को कार्यालय भवन उपयोग गर्नुपर्ने ।<br> नगरपालिकाले विगतमा शुरु गरेका, अधूरा रहेका भवन समेतका योजना सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ ।<br> विगतमा देखिएका कमी कमजोरीलाई सुधार गर्दै जानुपर्ने,  सम्पादित कामको गुणस्तर पक्षलाई ध्यान दिनुपर्ने,<br> आन्तरिक आयलाई वढावा दिन पोखरी, हाटबजार लगायतका आयका क्षेत्रमा प्रभावकारी अनुगमन गरी आय संकलन गर्नुपर्ने।<br> नगरपालिकाले स्वास्थ्य संस्था नियमन नगरेको ।<br> जग्गाको स्वामित्व एकीन गरेर मात्र भवन लगायतका संरचना निर्माण गर्नुपर्ने । सार्वजनिक तथा पर्ति जग्गाको लगत अद्यावधिक गरी संरक्षण गर्नुपर्ने । | |
| १११ | | | **पेश्की फर्स्योट**<br>आर्थिक बर्ष २०७१।७२ मा प्राविधिक सहायक श्री प्रदिप ठाकुरले लिएको सरसफाई पेश्की रु. 1400000।०० हालसम्म (2078।६।२१) पनि फर्स्योट गरेको देखिएन । नियमानुसार असुल फर्स्योट गर्नुपर्ने रु.... | १,४००,००० |
| ११२ | | | **पेश्की** | |
| ११२.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०77 को नियम 47 बमोजिम आर्थिक वर्ष भित्रै पेश्की फर्स्योट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले रु 3345000।00 पेश्की फर्स्योट गरेको देखिएन । नियमानुसार पेश्की रकम असूल फर्स्योट गर्नुपर्ने रु..... | ३,३२९,००० |

| पेश्की मिति | पेश्की लिनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १५।078।२।२८ | यतिश कन्स्ट्रक्सन प्रालि | हेल्थकेयर सेन्टर भवन निर्माण | 369000.00 |
| 6।078।3।२9 | श्री शक्ति निर्माण सेवा | बाटो बनाउने काम | 100000.00 |
| 7।078।3।30 | ओम विल्डर्स एण्ड कन्सलटेन्सी प्रालि | बाटो ग्रेभल गर्ने कार्य | 160000.00 |
| 117।०७८।१।२२ | वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | वडा नं.2 को भवन निर्माण | 2700000.00 |
| | | जम्मा | 33२९000.00 |

| | | | | |
|---|---|---|---|---|
| ११२.२ | | | 25।०७७।९१६ : नगरपालिकाले शारदा माविको विद्यालय व्यवस्थापन समितिको खातामा विद्यालय भवन निर्माणका लागि पेश्की स्वरुप रु. 4500000।०० पठाएको पाइयो । विद्यालयको भवन निर्माणका लागि विद्यालयको खाता वाहेकमा रकम पठाउन मिल्ने देखिदैंन । यस्तो कार्य अनियमित समेत देखिएकोले रकम पठाउनमा संलग्नलाई जिम्मेवार बनाई पेश्की असुल फस्यौंट गर्नुपर्ने रु... | ४,५००,००० |
| ११२.३ | | | विकोई योगी जेभीको सतही सडक निर्माणको मोविलाइजेशन पेश्की रु. 3037494।87 फर्स्यौट भएको छैन । उक्त रकम नियमानुसार असुल फर्स्यौट गर्नुपर्दछ । | |
| ११३ | | | बेरुजू र सम्परीक्षण<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३८ देखि ४० मा बेरुजूको लगत राखी सम्परीक्षण गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले बेरुजूको लगत राखेको पाइएन । नगरपालिकाको गतवर्षसम्मको बेरुजू रु. ३२२५८७०००।०० रहेकोमा यो वर्ष सम्परीक्षण लागि अनुरोध भएको छैन । यो बर्ष रु. ७७४७३९२०।०० बेरुजू कायम भई नगरपालिकाको कूल बेरुजू रु. ४०००६०९२०।०० रहेको छ । ऐनमा भएको ब्यवस्था अनुसार बेरुजूको लगत राखी बाँकी बेरुजू असुल फर्स्यौट गर्नुपर्दछ । | |